भैरव अर्यालका हास्यव्यङ्ग्य

भैरव अर्याल

दस औतार



Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

दस औतार

इतिश्रीपछि भैरव अर्यालका लेखहरूको सँगालाले 'दस औतार' देखाउन खोजेको छ । भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, बाबुराम आचार्य, प्रेमराज शर्मा, शङ्कर लामिछाने, भैरव अर्याल र भिनाजु-भूतको औतारीहरूमा बटुलिएका छन् । व्यङ्ग्यको पुट पुऱ्याउन होला अधिकारीलाई साछी राखिएको छ । देखी जान्ने साछी हुन् कि सुनी जान्ने साछी हुन् थाहा हुँदैन ।

भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद र गोपालप्रसाद रिमाललाई सामान्यतया सबैले चिनेका छन् तापनि उनीहरूमा रहेका विनोदी भाव कसरी निस्किएका छन् भन्ने कुरा देखाएर चिनिएकै महारथीहरूलाई बढी चिनाउन भैरव अर्याल आफैं विनोदी बनेका छन् । खरदारबाजे, सम्पादकबाजे र शङ्कर दाइलाई चिनाउन भैरव अर्याल गम्भीर भएका छन् ।

यसमा सबैभन्दा स्वादिलो व्यङ्ग्य भैरव अर्याल र भिनाजु-भूतको पनि स्वर्गीय औतारीहरूका लाममा उभिनुमा देखिन्छ । त्यसपछि आउँछ बाबुराम आचार्य, शङ्कर लामिछाने र प्रेमराज शर्माको पालो । सँगालामा परेका यी तीन औतारीबारेका लेखलाई न हास्यको विधामा जोर्न सकिन्छ, न व्यङ्ग्यको विधामा ! समाधान भैरव अर्यालको व्यक्तित्वमा खोज्न सकिन्छ; किनभने भैरव अर्यालमा स्रष्टा र सम्पादक दुवै जागरूक छन् । यसभन्दा बढी कोट्याउँदा खल्लो लाग्ने खालका पाठक पनि भैरव अर्यालले पाइसकेका छन् क्यारे !

पाटनको कौवा प्रकाशनले **दस औतार** छाप्न पाउनु खुसीको वा सौभाग्यको कुरो मात्र होइन कर्तव्यको पालन पनि हो । नेपालमा पाटन नै एउटा यस्तो ठाउँ छ जहाँ सिद्धिनरसिंहका पालादेखि प्रत्येक कात्तिकमा दस औतारको नाच देखाइन्छ र त्यसै नाचको एउटा अङ्गले हास्यव्यङ्ग्यलाई पनि जोगाउँदै आएको छ ।

– दाताराम शर्मा

व्यङ्ग्यबाजेलाई एउटा खुला पत्र

श्री कविवर भानुभक्त आचार्य
नेपाली टोल, मृतात्मा एभेन्यु
अलकापुरी १८७१/१९२६ स्वर्ग

श्रद्धेय कविबाजे,

उप्रान्त त्यहाँ बाजेलाई आरामै होला । बाँच्नुका दुःखले हाल तपाईंलाई पिरोलेका नहोलान् भन्ने आशा राखेको छु । तपाईंसँग धेरै कुरा गर्नु थियो, धेरै सल्लाह माग्नु थियो, धेरै अर्ती लिनु थियो, तर तपाईं मेरा बाजे पनि नजन्मँदै यो दुःखसागर पार तरिसक्नुभएछ । **रामगीता** लेखेबापत स्वर्गै पुग्नुहोला र अलकापुरी खूब मन पर्ने हुनाले सोही सहरमा डेरा लिनुभयो होला भन्ने अड्कलले चेखभको वाँकाले आफ्ना बाजेलाई लेखेझैँ बाजे ! म पनि तपाईंलाई चिठी लेख्न थालेको छु ।

'बाजे' भनी सम्बोधन गरेबापत यल्ले हियायो भनी नठान्नुहोला । यहाँ बाहुनलाई शङ्ख घण्टको बाजा बजाउन छाडे पनि बाजे भन्न छाडिएको छैन । गुरुज्यूबाजे, मन्त्रीबाजे, सरदारबाजे, सम्पादकबाजे, ड्राइभरबाजे इत्यादिको कुरै छाड्दिनोस् कुनै बाहुनले पसल थापेको छ भने उसलाई साहूबाजे र कसैले भट्टी थापेको छ भने भट्टीवालबाजे भन्न पनि यहाँ हिचकिचाउनु पर्दैन । त्यसैले बाबुबाजेदेखि खाईपाई आएको सम्मान तपाईंको किन कटाइदिऊँ ? काठमाडौँको डेरामा कहिलेकाहीँ खसीको भनी झुक्किएर तपाईंले राँगाको या वनेलको भित्र्याँस खानुभएको थियो कि भन्ने उपशङ्कामा तपाईंलाई म कसरी बाजे भन्नै छाडिदिऊँ ? तर कविबाजे ! मैले यो ठट्टा गरेको मात्रै हो है, कारण तपाईं ठटयौला व्यक्ति हुनुहुन्थ्यो, व्यङ्ग्यविनोद निकै मन पराउनुहुन्थ्यो ।

तपाईंले तारापतिसित बन्दुकबारे ठट्टा गरेको, जेलमा प्रदर्शित उड्स, उपियाँको नाचगानबारे विनोद गरेको कहिल्यै नबिर्सने गरी मैले पनि पढेको छु। होच्याउने नै नियत हुँदो हो त कविबाजे मात्रै होइन, कविकाठा पनि भनिदिन्थेँ, तर सत्य होइन। अब त बुझ्नुभयो होला– वास्तवमा मैले बाजे भन्नाको मतलब तपाईं हाम्रा पक्का साहित्यिक बाजे हुनुहुन्छ, कविबाजे हुनुहुन्छ। अझ यो पत्रमा मैले बाजे भनेको खास किनभने तपाईं व्यङ्ग्यबाजे पनि हुनुहुन्छ। मेरा साक्खे कुप्राबा शक्तिवल्लभ अर्ज्यालले **हास्यकदम्ब** लेखेर तत्कालीन राजनीतिक-सामाजिक स्थितिहरूमाथि जुन व्यङ्ग्य गरे, त्यो पढ्न पाउनुभएको थियो कि थिएन कुन्नि तर तपाईंले थोरैमा पनि उनको भन्दा महत्त्वपूर्ण देन दिनुभयो। कुरा के भने शक्तिवल्लभ कुप्राबाले **हास्यकदम्ब** लेख्न पहिले नेपाली भाषालाई पत्याएनन्, संस्कृतमा लेखे; नेपालीमा त उल्था गरे भन्छन्। तर तपाईंले 'मान्माथि पनि भुक्तमान्' थपिदिएका व्यङ्ग्यकविताहरू नेपालीमै दन्काइदिनुभयो। चाकरी र चाप्लुसी नै गायत्री र दीक्षा भएको त्यो चर्तिकलाले राणाशासनमा पनि चाकरीलाई व्यङ्ग्य गर्दै जुन कविता लेख्नुभयो, त्यो मनमोहक र मुटुछेदक छ, नपत्याए आफैँ सम्झी हेर्नोस्–

एक् मन् चित्त लगाइ चाकरि गर्‍याँ
खूसी भया छन् हरि।
मान्माथी पनि भुक्तमान् थपिदिया
कैल्यै नछुट्न्या गरी।

तपाईंले खानैको निम्ति चाकरी गर्नुभएको त थिएन। धनी नभए पनि 'कुदालो खनी' खान त सक्नुहुन्थ्यो तर 'मान पाउँला कि भनी' चाकरी गर्नुभयो; तपाईंजस्ता सीधासाधा पर्वते बाजेको चाकरी कसले वास्ता गर्छ ? उल्टो भुक्तमान पाउनुभयो चाप्लुसी र चुक्लीबिना; चाकरी मात्र गर्दैमा कहाँ हुन्छ र ?

अँ बाजे, म त चिठी पो लेख्न लागेको, तपाईंका कविताको अर्थ गर्न लागेको कहाँ हो र ? उप्रान्त, तपाईंका आशीर्वादले यहाँ मलाई सन्चै छ। म अचेल तपाईंको उही अलकापुरी कान्तिपुरीका नालभरि गल्लीमा मान्छे, कुकुर, कुखुरा, सुँगुर, हाँस, साँढे सबैको संयुक्त विष्ठा-मूत्रले अभिसिञ्चित षड्सुवास सुँघ्दै बाँचिरहेको छु। मान पाउँला कि भनी एक मन लगाई चाकरी गर्दा भुक्तमान पाइने तपाईंको पालाको प्रवृत्ति अहिलेसम्म झन्डै उस्तै

छ। अहिले त एक मन चित्त लगाई नोकरी गऱ्यो भने त्यसलाई बेकुफ भन्छन्। सके त्यस्ता धोक्रेसुत्ती लागी खोसिएलान्, नखोसिए पनि भुक्तमान खप्ताखप्तै ती धुजिन्छन्, मर्छन्।

त्यसैले त मैले तपाईंसित कुरा गर्न खोजेको– 'एक मन चित्त लगाई काम गर्दा भुक्तमान' पाइने तपाईंका पालाको प्रशासनिक स्थिति र हाम्रा पालाको प्रशासनिक स्थिति झन्डैझन्डै उस्तै छ बाजे ! चार पङ्क्तिमा सय वर्ष नाघिसक्ता पनि घोच्न नछाड्ने कविता लेख्नु तपाईंको व्यङ्ग्यशक्तिको चमत्कार होइन त ? ल भन्नोस्।

फेरि चिठी बाङ्गियो, कुरा के भने कविबाजे ! मेरो हालखबर बेसै छ। म पनि 'ठूलो चयनमा' छु। तपाईंले जेलमा भोगेको भनी उडुस, उपियाँका नाचगानको जुन बयान गर्नुभएको थियो नि, मैले त्यो नाचगान घरैमा प्रत्येक रात हेर्न पाएको छु। कारण, अचेल कान्तिपुरीको आर्थिक स्थिति अत्यन्त विकट छ– झूल किन्यो तन्ना किन्न सकिन्न, तन्ना किन्यो तकियाको खोल हाल्न सकिन्न। त्यसैले लामखुट्टे र उपियाँको नाचगान बिनाटिकट बर्खाभरि कोठैमा देखिन्छ। अझ कहिलेकाहीं त के पनि देखिन्छ भने बाजे ! थाङ्नो गुन्द्रीबाट बुद्रुक्क उफ्रेका उडुसहरू बडेबडे कुर्सीमा विराजमान हुन पुग्छन्; खाल्टाबाट उम्केका लामखुट्टेहरू हङकङ र बैङ्कक हुँदै केही दिनमै जगरसेठ भैसक्छन्। त्यसैले म एक्लै भयो कि तपाईंको त्यही रमाइलो व्यङ्ग्यविनोद सम्झन्छु–

रोज् रोज् दर्शन पाउँछू चरणको
ताप् छैन मन्मा कछू।
रात् भर् नाच् पनि हेर्छु खर्च नगरी
ठूला चयन्मा म छु।
लाम्खुट्टे उपियाँ उडुस् इ सँगि छन्
इन्कै लहड्मा बसी।
लाम्खुट्टेहरु गाउँछन् इ उपियाँ
नाच्छन् म हेर्छू बसी ॥

त्यस्तो 'ठूलो चयनमा' बसेर त्यस्तो नाचगान हेर्ने तपाईंलाई मैले व्यङ्ग्यबाजे भनें त के बिराएँ– लौ यति मीठो र मार्मिक व्यङ्ग्यविनोद कसैले लेखोस् ? देखीदेखी नदेखेझैं गर्ने र बुझीबुझी नबुझेझैं गर्ने 'बडा' हरूको

दया-विवेकलाई मिति पुऱ्याएर हान्दै फोहर र अव्यवस्थाले नारकीय लाग्ने जेलनिवासको बीभत्सता र करुणतालाई तपाईंले हास्यरसमा बडो चमत्कारसाथ उतारिदिनुभएको छ। व्यङ्ग्य गरिनेले पनि क्रोधको सट्टा विनोदकै अनुभव गर्नुपर्ने यो कवितामा तपाईंमा निहित व्यङ्ग्यकारको कुशल क्षमता राम्ररी प्रदर्शित छ। 'सुग्रीव् हो कुन साख् म हूँ कुन कुसाख्' भनी बालिको मुखबाट विशुद्ध नेपाली शैलीमा मर्मभेदी अभिव्यक्ति दिएको त हामीले रामायणमा पनि बराबर पढेकै हौं। 'ज्यूँदै मरेको भनि नाम कस्को ?' भन्ने प्रश्नमा 'उद्योग बिना बित्तछ काल जस्को ?' भन्ने उत्तर जडेर निरुद्योगीलाई जीवित मुर्दाको दर्जा दिन नडराउने तपाईंको व्यङ्ग्यकारीय निर्भीकता प्रश्नोत्तरमा पनि नदेखिएको होइन तापनि 'रोज् रोज् दर्शन पाउँछू' को जस्तो चार पङ्क्तिमा चार पाथी व्याख्या र विवेचना गर्न सकिने हास्यव्यङ्ग्य अन्त विरलै पाइएला।

व्यङ्ग्यबाजे ! फेरि चिठी अर्कैतिर अलमलिएकोमा नझर्किनुहोला। आफूलाई व्यङ्ग्यबाजे भन्यो भनी अर्घेलो नभन्नुहोला, यो मैले मात्र भनेको होइन। नेपाली हास्यव्यङ्ग्यको नालीबेली लगाउँदै **छ्याकन**को भूमिकामा कृष्णचन्द्रसिंहले पनि भन्नुभएको छ– "साहित्यको संज्ञा पाई व्यक्तिएको हास्यव्यङ्ग्य आदिकविजत्तिकै प्राचीन छ। साहित्यका आदिस्रष्टा पनि भानुभक्त नै। यसरी भानुभक्तलाई माइलस्टोन मान्दछु, यही दूरीले नाप्ता हास्यव्यङ्ग्यको इतिहास नेपाली साहित्यको पृष्ठभूमिमा नौलो होइन। प्रथम प्रयोक्ताको दृष्टिले भानुभक्तलाई सराउनु त छँदै छ, सुरुमै यति मीठो, छोइने र वस्तुस्थिति उदङ्ग्याई मायाले थपथपाएको व्यङ्ग्यपरिहास मानवीय छ। भानुभक्तले व्यावहारिक जीवनमा अनुभव गरेको कटुतालाई सामाजिक परिधान दिए।"

साँच्चै, बाजे ! तपाईंले व्यावहारिक जीवनमा भोगेको निजी अनुभवलाई परकीय बोधता दिई साधारणीकृत गर्नुभयो, सहज संवेद्य पार्नुभयो, नपत्याए तपाईंको अर्को एउटा टुक्रा केलाऊँ न–

बिन्ती डिट्ठा विचारीसित म कति गरूँ
चुप् रहन्छन् नबोली
बोल्छन् ता ख्याल् गऱ्या झैं अनि पछि दिनदिन्
भन्दछन् भोलि भोली

की ता सक्तीनँ भन्नू कि तब छिनिदिनू
क्यान भन्छन् यि भोलि
भोली भोली हुँदैमा सब घर बितिगो
बक्सियोस् आज झोली

यो तपाईंको उस बेलाको निजी अनुभव मात्र नभई लाखौंलाखौं सीधासाधा नेपालीको अड्डाखानामा भोलिका सहस्र-धावन्ती र पर्खन्तमा अल्झँदा वाक्क भएर वैरागिएको आजसम्मको अनुभवको अभिव्यक्ति हो। हुन्छ वा हुन्नको निर्णयात्मक जवाफ नदिई जनता झुलाउने कर्मचारीहरूको चाकरीवादी र दीर्घसूत्री प्रवृत्तिको जुन झलक तपाईंले दिनुभएको थियो, त्यो सय वर्ष बितिसक्दा पनि सिनित्तै निखारिएको छैन। 'क्यान क्यान यि भोलि' भन्दै छन्। अरूले सय वर्ष लगाई गरेको काम हामीले दस वर्षमा गर्नुपर्छ भन्ने बुझ्दाबुझ्दै पनि बुझ पचाएर अरूले दस वर्षमा गरेका कामको लागि हामी सय वर्ष खर्चंदै छौं। डिट्ठा, विचारीसित मात्रै होइन, खरदार, सुब्बासित, शाखाअधिकृत र निर्देशकसित, सचिव र मन्त्रीसित सबैसित तपाईं भएको भए आज सोधिदिनुहुन्थ्यो– 'क्यान भन्छौ नि भोलि ?' यही देखेर मैले पनि उहिल्यै एउटा 'जय भोलि' लेखेको थिएँ, कसले सुनिदिने ?

यसरी तपाईंले प्रशासनिक ढिलासुस्तीलाई व्यङ्ग्य गर्नुभएथ्यो; यसरी तपाईंले एक मन चित्त लगाई काम गर्दा जसको सट्टा अपजस पाइने प्रथापट्टि व्यङ्ग्य गर्नुभएथ्यो। यसरी तपाईंले उडुस, उपियाँले घेरेको सर्वसाधारणको कष्टपूर्ण जीवनप्रति मर्म चुहाउनुभयो; बुझीबुझी बुझ पचाउने ठूलाबडाको प्रवृत्तिप्रति व्यङ्ग्य गर्नुभयो। दरिद्र घरको घाँसीले जनसेवाको निम्ति कुवा खनाएको देखाउँदै 'धनी भैकन' पैसा घ्याम्पामा कुहाएर पनि जनसेवार्थ सत्तल, पाटीसम्म बनाउन नसक्ने कन्जुसहरूप्रति व्यङ्ग्य गर्नुभयो, त्यसैले तपाईं धेरै वर्ष बाँचेको भए नेपाली समाजका धेरै अड्मिल्दा पक्षहरूमा व्यङ्ग्यवाण चलाइदिन सक्नुहुन्थ्यो। तर बाँच्न सक्नुभएन। मके यस्तै खस्रा कुरा गर्ने बानीले तपाईंले जिन्दगीमा धेरै भुक्तमान खप्नुपऱ्यो। छिटै मर्नुपऱ्यो। जे होस्, भानुभक्त बाजे, तपाईंले लगाइदिएको हास्यव्यङ्ग्यको डोरेटो क्रमशः अलि फराकिँदै गएको छ भन्ने समाचार मात्र तपाईंलाई सुनाउन पाएकोमा पनि मलाई आज तीन मुरी भात खाएजस्तो खुसी लागेको छ। धेरै गन्थन गरियो, अब म पनि उही

लामखुट्टे र उपियाँको सांस्कृतिक कार्यक्रम हेर्न कोठानामक दुलाभित्र पस्छु; नमरुन्जेल बाजेको बिर्के टोपी र छड्के पछ्यौरासहितको एउटा काल्पनिक अनुहार सम्भेर बस्छु । अन्त्यमा मेरो साथी कुलमणि देवकोटाले तपाईंलाई सोधी पठाएको सन्देश पनि सुनाइदिइहालूँ–

"हे युगयुगका उडुसहरूले निशेषरक्त
नमस्कार भानुभक्त !"
लौ त, विज्ञेषु किमधिकम् !
तपाईंको उही नाति
भैरव अर्याल

लुतो मिल्काउने सङ्क्रान्ति
२०२८ साल
घिमिरे बाजेको गोठ, हाँडीगाउँ,
मर्त्यमण्डल, नेपाल

('भानु' भानुविशेषाङ्क, वर्ष ८, किरण १८, २०२८ बाट)

लेखनाथज्यूको भोजन भट्ट

"नमो नारायणः"

भोजन भट्ट न मेरा बाबुपट्टिका काका हुन्, न आमापट्टिका मामा। तर पनि भट्टको नाम सुन्नासाथ झट्ट मलाई भनिदिऊँ जस्तो लाग्छ– नमो नारायणः। यो आफन्तभाव उनको र आफ्नो नामको पहिलो अक्षर एउटै भएर मात्र उब्जेको होइन, न त उनलाई मीठो लाग्ने लड्डु, पेडा, बम्बैसन आफूलाई झन् मीठो लाग्ने हुनाले नै हो। वास्तवमा उनमा निहित विनोदप्रिय स्वभाव, निस्पृहभाव र मपाईंको अभाव नै लड्डु, पेडा, बम्बैसनजस्ता स्वादिष्ट गुणहरू हुन्, जसको निम्ति म भोजन भट्टलाई मन पराउँछु, माया गर्छु र केही हदसम्म आदर पनि।

सम्झेर ल्याउँदा भोजन भट्टजीसित मेरो चिनापर्ची अहिलेको होइन। आफू भुरै छँदा बाबुले सुनाएका र पढ्न दिएका पुस्तकमा एउटा लेखनाथजीको **लक्ष्मीपूजा** पनि थियो। यही हेर्दाहेर्दै एक दिन बेलुका 'हरिः हरिः' को लेघ्रो तान्दै मेरो अगाडि उभिन आइपुगे भोजन भट्ट। 'यस्य ज्ञान दया सिन्धुः' र 'हकारो द्विरूपात्तोय' जस्ता **अमरकोश** र **कौमुदी**का श्लोक रटिरहेका हामी भुराहरूलाई सुनाउन भोजन भट्टले नयाँ श्लोक लिएर आएका थिए–

'मुखमा हर्दम् वैरन्छन्

लड्डू पेडा बम्बैसन्'

कति मज्जा! मानौं हाम्रो मुखमा पनि ओइरिहाल्यो– लड्डु, पेडा, बम्बैसन आदि पचमेल मिठाईको धूलो। अस्ति नै बाले ल्याइदिनुभएजस्तो, अस्ति नै महाराजजीको पसलमा आमाले किनिदिनुभएजस्तो। त्यसैले 'लक्ष्मीपूजा' लेखेको पुस्तकलाई सूर्यपूजा या ग्रहपूजाजस्तै कुनै पूजाविधिको पुस्तक होला भनी पहिले वास्तै गरिएको थिएन तर त्यस पूजाविधिका पुरेत भोजन भट्टजस्ता

पुखला 'बाउनद्यौता' रहेछन् भन्ने सुइँको पाएपछि लुकेर पनि पढ्न थालियो, दोहोऱ्याएर-तेहऱ्याएर पनि पढ्न थालियो। साँच्चै भनूँ भने हामीजस्ता भुराहरूलाई नेपाली पढाउने गुरु नै सहनशीला सुशीलाको 'सेते' परालको आगोको 'चामे' परिबन्दको 'रने' ससुरालीको 'बुढाथोकी' र लक्ष्मीपूजाको 'भोजन भट्ट' यिनीहरू नै नहुन् र !

किन होइनन् ? भोजन भट्टको त झन् नामै मीठो, थेगै मीठो, लेघ्रै मीठो, तुक्का र टुक्काको नुनपिरो ट्वाक्क मिलेको कुराकानी नै मीठो, जुवाडेहरूको पछि लागेर पनि आफू जुआदेवीलाई भन्दा पेटपरमेश्वरलाई ठूलो ठान्ने आनीबानी नै मीठो ! उनी अहिलेसम्म नेपालमै बसेका भए आफ्नो 'जय भुँडी' भन्ने पुस्तक म उनैलाई पो समर्पण गर्थें कि ? तर उनको घरपरिवार केही थिएन, 'लक्ष्मीपूजा' मनाउन मानौं उनलाई लेखनाथज्यूले आकाशबाट सीधै ओराल्नुभएको थियो, सकिएपछि ठाडै उडाइदिनुभयो। त्यति बेला नेपालमा विमान सेवा नचलेको हुँदा प्लेनको टिकट काट्ने झन्झट उहाँले नगराउनुभएको हो कि ? जे होस्।

यसो हेर्दा सधैँ लड्डु, पेडा, बम्बैसनको रटन्ताम गरिरहने र पेटपरमेश्वरबाहेक अरू केही नमान्ने भोजन भट्टलाई हामी दरिद्री बाहुन वा लोभीको पिण्डो भनी गिज्याउन सक्छौं, तर वास्तवमा उनी यति निर्लोभी छन् कि उनलाई पैसाले कहिल्यै लोभ्याउन सक्तैन। पैसालाई अरिङ्गाल मान्ने र यो जति बटुल्यो, त्यति आफैँलाई टोक्न थाल्छ भन्ने उनको मत छ। त्यसैले मोती साहूले पैसा दिन खोज्दा "पन्ध्रै सय दिए पनि मलाई ती कुहेका पीपको काम छैन" भनी फन्कँदै उनी हिँड्छन्। अर्को प्रसङ्गमा उनी भन्छन्–

'अनौठाको पारी हृदय बिच भारी छटपटी
जथाभावी उफ्री चपल उपियाँ झैँ फिटिफिटी
कहाँ पुग्छन् घुम्छन् कसरि रुपियाँ के छ र पता ?
इनै माथी गर्ने किन विकल भै व्यर्थ ममता ?'

भोजन भट्टजी मदमात्सर्य अथवा मपाईं र स्वार्थका घनघोर विरोधी छन् भन्ने कुरा यसै एउटा श्लोकबाट बुझ्न सकिन्छ–

'म जान्ने, मै सुन्ने चतुर मतिमान् को छ म सरी ?
म तेसै लत्रन्थें किन ? अब यती गर्छु यसरी

भनी ज्यादा तेजी भइकन बढाई चुरिफुरी
धनी, मानी, ज्ञानी सब लय हुँदैछन् तृणसरी'

जे होस्, जब व्यावहारिक छलकपटबाट मान्छे विरत रहन्छ, उसमा मानवीय सद्प्रवृत्तिहरू जुरमुराएर उठ्छन्, ऊ कसैको नभइकन पनि सबैको हुन्छ भन्ने आदर्शवादी पृष्ठभूमिमा लेखनाथज्यूले भोजन भट्टलाई जन्म दिनुभएको छ। भट्ट लेखनाथज्यूका आत्मज हुन्, आदर्श मान्छे हुन्। त्यसैले भोजन भट्ट ठट्याउला छन्, पुखला छन्। उनको ठट्टामा पनि दर्शन बोल्छ, दर्शन पनि ठट्टाको रूपमा व्यक्त हुन्छ। उदाहरणको लागि चटपटानन्दलाई उनी बाहिर-बाहिर मौरी पाल्ने, भित्रभित्र भित्तो लाग्ने अर्ती दिन्छन्। भित्तो कस्तो त भन्दा भोजन भट्ट भन्छन्– "अगमभित्तो, अलखभित्तो, रित्तोमा महारित्तो, जसमा छ यो सारा तसवीरको भुत्तो, त्यो भित्तो भेट्टाएपछि न केही बग्दो, न केही वित्तो।" भोजन भट्टलाई संन्यासी मान्ने हो भने उनको संन्यासीको भरिभाषा खरानी घस्ने र मुडिने होइन हँसीखुसीसाथ संयमी जीवनयापन गर्ने छ।

सबैका निम्तिको रात संयमीका निम्ति दिन बन्छ भने सबैको निम्तिको दिनमा संयमीले रात मान्नु आश्चर्य हुँदैन। भोजन भट्ट संयमी छन् त्यसैले उनकै शब्दमा उनी "म रुने ठाममा हाँस्छु, हाँस्ने ठाममा रुन्छु" भन्छन् "तर..." फेरि भन्छन्– "...पेटपरमेश्वरको पूजा गर्दा जुवाडे पनि बन्छु।" कारण उनलाई पलायनवादीको जस्तो जिन्दगी सस्तो लाग्दैन, जुवाडेसित एक मोहर मागेर पनि पेडा खाएर बाँच्नुपर्छ उनलाई। आफू बाँचेर मात्र पुग्दैन "आफ्ना पेटपरमेश्वरलाई एकछिन भोकै फुल्याएर पनि अर्काका पेटपरमेश्वर बुझाइदिनुपर्छ" पनि भन्छन्। एक प्रकारले उनी एउटा ऋषि हुन् तर कुनै काम नगरीकन मुखमा मिठाईको बुजो हाल्न खोज्ने ऋषिलाई आजको समाजले कतिसम्म मन पराउँछ, त्यो बेग्लै कुरा हो। उनलाई योगी मात्र नगराई कर्मयोगी पनि बनाउन सकिन्थ्यो, तर त्यतापट्टि लेखनाथज्यूले लगाइदिनुभएन।

लेखनाथज्यूको 'लक्ष्मीपूजा' नाटक आधुनिक होस् कि थोत्रो, स्वाभाविक होस् वा अस्वाभाविक त्यसको लेखाजोखा अहिले म गर्न लागेको होइन, मैले भन्न खोजेको कुरो एउटै हो– भोजन भट्ट एउटा मज्जाका मान्छे हुन्। जति पछिपछि भयो हामी उनलाई चिन्दै जान्छौं, भित्रीभित्री स्वरूपसम्म चिन्दै जान्छौं।

कविले काव्य रच्छ, त्यसको रस जान्ने त पण्डितहरू पो हुन्छन् भन्ने उक्तिअनुसार धेरै 'पण्डित' हरूले लेखनाथज्यूका धेरैधेरै रस जानेका छन्, भाव तानेका छन् । उदाहरणको लागि 'पिँजराको सुगा' नै पर्याप्त छ । कविले यो कविता लेख्दा राजनीतिक दृष्टि राखेका थिए-थिएनन्, त्यो सन्देहास्पद कुरा हो, तर राणाशासनको समाप्तिपछि पण्डितहरूले रस जाने 'पिंजराको सुगा' राणाशासित नेपालको प्रतीक हो । यसरी छान्ने हो भने 'लक्ष्मीपूजा' नाटक पनि राणाहरूकै पालाको भोगविलासमय सामन्ती जीवनको प्रतीक हो । लेखनाथज्यूलाई पनि आफ्ना मालिकका मोजी छोराहरूका साथ खालखाल चहार्नुपर्दो हो– एक नम्बरको जुवाडेजस्तो भएर, तर वास्तवमा उहाँ खास जुवाडे होइन, चट्टूकाजीको पछि लाग्ने बाहुनद्यौता भोजन भट्टजस्तो निस्फिक्रीको मान्छे हुनुहुन्थ्यो होला ।

तर मेरो यो व्याख्या डेढअक्कली पण्डित्याइँ मात्र हो । गहिरिएर हेर्नै पर्दैन, अरू कृतिहरूजस्तै 'लक्ष्मीपूजा' पनि लेखनाथज्यूको हिन्दू अध्यात्मवादी चिन्तनको एउटा अभिव्यक्ति हो । यस दृष्टिले हेर्दा वस्तुतः जीवन लक्ष्मीपूजाको एक चहाड हो, यहाँ व्यवहारको जुवा खेलिन्छ, त्यसैमा कसैले चट्टूकाजीझैँ लट्ठ भई सर्वस्व सिद्धचाउँछन्, कोही उलाकसिंहझैँ आफ्नै साथीको खल्ती काटी स्वास्नी रिझाउँछन्, कति कल्पलताका उमङ्गहरू आँसुमा लत्रन पुग्छन् भने कति सन्तोष र शान्तिका पिपासु भोला र सरलाहरूले मुटु भाँच्नुपर्छ, मगज भुट्नुपर्छ । तर जीवन यसरी भौतिकताको महमै टाँस्सिएर जिउने वस्तु होइन, मान्छेले झिँगाझैँ जिउनु हुँदैन । जिउनुपर्दछ, हँसीखुसीसाथ निर्द्वन्द्व, निस्पृह र निष्काम भएर अर्थात् भोजन भट्टजस्तै । 'लक्ष्मीपूजा' का लेखनाथ सायद यसै भन्नुहुन्छ, किनकि अरू कृतिहरूबाट पनि उहाँका जीवनदर्शनको यस्तै छनक पाइन्छ ।

तर हाम्रा पूज्य कविशिरोमणिज्यू त्यस दोबाटोमा पुगेर दोधारमा पर्नुहुन्छ– जहाँ एकातिर अनेकौँ देवधाम र धार्मिक कामहरू छन्, गेरुवा वस्त्रका वैरागी चटपटानन्द चार धाम जानको निम्ति चन्दा माग्दै हिँडेको भेटिन्छ, तर भोजन भट्टलाई यो मार्ग कत्ति मन पर्दैन । उनी पहेँला लुगा नपहिरिएर पनि वैरागी छन्, जुवाडेहरूको पछि लागेर पनि उनको मन व्यावहारिक प्रपञ्चतिर कत्ति आकर्षण छैन । साथै चन्दा मागेर चार धाम जाने चटपटानन्दको सङ्कल्पलाई उनी हँस्सीमा उडाइदिन्छन् । उनको भोग

पनि निष्काम, वैराग्य पनि निष्काम । उनको भनाइ कति मजा छ– "नजर होस् अरू मानिसहरू यही एउटा चोलाले अनेक जन्मको कल्याण गर्नुपर्छ भन्छन्; म अनेक जन्मको कल्याण यही जन्ममा खिचेर पेडैपेडा खानुपर्छ भन्छु ।" कस्तो जीवनवादी दृष्टिकोण ! जुन देख्ता स्वामी चटपटानन्दको परलोकसम्बन्धी आस्था नतमस्तक हुन्छ, गेरुवा र चार धाममा लटपटिएको भक्तिसंन्यास भोजन भट्टको यस उक्तिबाट स्वतः लज्जित हुन्छ– "हरिः हरिः सर्वत्र खडा छ ईश्वरको सत्ताः म तपाईंको आँखा फुकिदिन्छु, तपाईं आँखामा अमृत नबसंदासम्म 'ईश्वरको इच्छा' यही नै छ अक्षर मात्र जप्नुहोस्, हर्ष बिस्मात आयो भने एकनाससित खप्नुहोस् अनि ईश्वरको सत्ता देख्नुहोला ।" यो उही अवस्था हो जसलाई उपनिषद्ले 'ईशावास्यमिदं सर्वं' भनी व्यक्त गरेको छ । यसैमा चटपटानन्दको रूपमा परत्रको लागि भक्तिसंन्यास लिने इच्छा भोजन भट्टको निर्लिप्त जीवनवादी यो मार्गमा आत्मसमर्पण गर्छ, यो महसुस गर्दै–

'जगत्मा संन्यास व्रत विषयको तत्त्व नबुझी
रुखा दिग्दारीका लहरकन वैराग्य समझी
जथाभावी अन्धा अबुझ मुडिँदा योगपथक
घट्यो भक्ति, श्रद्धा सब, उदय भो तुच्छ मतको'

यसबाट के प्रस्ट हुन्छ भने लेखनाथज्यूका दोधारमा उभिएका आध्यात्मिक दृष्टिकोण अन्त्यमा भोजन भट्टमै एकत्रित हुन्छ र उनी सत्य, स्नेह, सद्भावना, निर्लोभ, निर्द्वन्द्व र निष्काम आदि मानवीय सद्प्रवृत्तिहरूमा आधारित व्यक्तिको सपना देख्तछन्; अनि मैथिलीशरण गुप्तको 'बनेगे दक्षिण उत्तर एक-उरोंका जब हो उरसे मेल' भन्ने उक्तिझैँ भोजन भट्ट भन्न थाल्छन्– "जोडूँ मनमा मनको तार झननन पारूँ सत्य विचार : अथवा जोडूँ मनमा मनको तार मन मन मारूँ लोभ अपार ।"

त्यसैले 'म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो' भनेझैँ लेखनाथज्यूले विदूषकको पाठ खेल्न निम्त्याएका भोजन भट्टले उनका सबै आध्यात्मिक आन्द्राभुँडी सोहोरेर नायकझैँ बोलिदिएका छन्, नायकझैँ खेलिदिएका छन् । चट्टूकाजी, चौपटचन आदि कोही नायक भए पनि नायकजस्ता छैनन्, त्यसले गर्दा र खास गरेर लेखकको मन्तव्य प्रकट गर्ने प्रवक्ताको हैसियतले पनि 'लक्ष्मीपूजा' नाटकको नायक हुने हक भोजन भट्टकै छ । हो, पहिले

उनी विदूषकको रूपका देखिन्छन्, तर उनको चारित्रिक दृष्टताको विकास नाटकमा यसरी भएको छ कि अन्त्यमा कतिपय असाधारण खुबीहरू उनमा हामी देख्छौं । यद्यपि उनलाई उडाएर लेखनाथज्यूले एउटा अस्वाभाविक दृश्य उपस्थित गर्नुभएको छ तर उनी उडे पनि 'लक्ष्मीपूजा' नाटक पढिसकेपछि हाम्रो स्मृतिमा भोजन भट्ट उड्न पाउँदैनन् । त्यसैले भिक्टर ह्युगोको जीन-बाल्जिनजस्तै अथवा चार्ल्स डिकेन्सको सिड्नी कार्टोनजस्तै भोजन भट्ट एक नपत्याउँदा नायक हुन् 'लक्ष्मीपूजा' को । तर समाजमा चेतनाको प्रसारको लागि गौतम बुद्ध वा विवेकानन्दझैँ मरिमेट्ने, सामाजिक सुखशान्तिको लागि राम, कृष्ण, ईशा र गान्धीझैँ सङ्घर्ष गर्ने अथवा अर्काको निम्ति दधिचि, शिविझैँ ज्यानसम्म दिन तम्सिने खालका चाहिँ भोजन भट्ट होइनन् । एक दृष्टिले उनी भयङ्कर व्यक्तिवादी समाज वा संसारमा जेसुकै भइरहोस्, त्यसलाई अपरिहार्य मानी आफू तमासेझैँ निर्लिप्त भएर हेरिरहने, आफ्नै व्यक्तिगत शान्तिमा चुर्लुम्म डुबेर अरू अन्धकारको गर्तमा डुबेकाहरूलाई तान्न नखोज्ने उनको प्रवृत्ति यही एक अर्तीबाट प्रस्ट हुन्छ–

'कुनै चाहे नङ्गा भइ फगत दङ्गा गरिरहून्
कुनै चाहे चङ्गा भइ गगन-गङ्गा बिच बहून्
अँध्यारा स्वप्नाका सुख दुख खुसी भै सहनुहोस्
सबै भन्दा भिन्नै भइ फगत हाँसी रहनुहोस्'

'ब्रह्म सत्यं जगन्मिथ्या' को पृष्ठभूमिमा निर्लिप्ततालाई सीमित राख्ने यस समाजपराङ्मुखी प्रवृत्तिले भने भोजन भट्टलाई आधुनिक युगको नायक मान्न सकिँदैन ।

तर भोजन भट्ट योगी पनि होइनन्, संन्यासी पनि होइनन्– फेरि योगी पनि हुन्, संन्यासी पनि हुन्, महात्मा पनि हुन्, सर्वसाधारण पनि हुन्, त्यसैले सबैको समष्टि स्वरूप एक अनौठा मान्छे हुन्, अवधूत हुन् । शायद भोजन भट्टको अवधूत चरित्र निर्माण गर्न लेखनाथज्यू यो संस्कृत पद्यबाट प्रभावित हुनुभएको होला भन्ने मलाई लाग्दछ–

'मौने मौनी गुणिनि गुणवान् पण्डिते पण्डितश्च
मूर्खे मूर्खो युवतिषु युवा भोगिनी प्राप्त भोगः
दुःखेः दुःखी सुखिनि सुखवान् वाग्मिनि प्रौढ वाग्मी
धन्यः कोऽपि विचरति जयी योऽवधूतेऽवधूतः'

तर भोजन भट्ट पूर्ण अवधूत पनि हुन सकेनन् । व्यक्तित्व अवधूतको भए पनि धारणा एउटा वेदान्तदर्शनले प्रभावित ऋषिजस्तो : अर्को अर्थमा लेखनाथज्यूको **तरुण तपसी**जस्तो : अझ भनूँ भने लेखनाथैजस्तो ।

यसरी केलाउन थाले भोजन भट्ट जति हेरे पनि हेरिनसकिने र जति चिने पनि चिनिनसकिने विषय बन्दछ, यो गन्थन लेखमा मात्र नतुरिई पुस्तकको रूपमा लम्बिन्छ, त्यसैले जे होस्, अन्त्यमा मेरो भन्नु यति मात्रै हो लेखनाथज्यूको आध्यात्मिक फोटो भोजन भट्टले आफूमा खिचेको छ, त्यसैले उनलाई राम्ररी चिन्न सके लेखनाथज्यूलाई चिन्न सकिन्छ, बिन्न सकिन्छ । साँच्चै एउटा असफल नाटक 'लक्ष्मीपूजा' को धेरै हदसम्म सफल नायक हुन् भोजन भट्ट, जसको ठटचौली स्वभावले हामीलाई हँसाएर मात्र छोड्दैन, चिन्तनका तन्तुहरूलाई पनि एकपल्ट हल्लाई छाड्छ ।

लौ त भट्टज्यू ! नमो नारायण:

('भानु' किरण ८, वर्ष ३, २०२३ लेखनाथ विशेषाङ्कबाट)

व्यङ्ग्यविनोदी देवकोटा : केही झल्याकझुलुक

:१:

शिरमा ड्याच्याक्क पारी लगाएको मखिबुट्टे टोपी र काँधमा सपक्क राखेको कैलो गलबन्दीले उनलाई साधारणतः एक पण्डितजीको शोभा दिइरहेका थिए । त्यसमाथि, सारस्वरसहित अर्थात् हात हल्लाईहल्लाई वेद पाठ गरिरहेको देख्ता उनलाई पण्डितबाजेबाहेक अरू कोही ठान्ने खण्डै थिएन । चार वेद नपढे पनि चार अध्ये वेद नपढेको बाहुन म कहाँ थिएँ र ? त्यसैले उनी वेद पढ्दै छन् भन्ने ठम्याउन मलाई गाह्रो परेन । गाह्रो त के कुरा बुझ्न पर्‍यो भने कत्राकत्रा कविहरूले कविता पाठ गर्ने ठाउँमा यी बाजेलाई वेद पाठ गर्न किन दिइएको हो ? 'विराट् कविसम्मेलन' मा 'हवामहे' को लेघ्रो !!! – कति असुहाउँदो ! सुन्नु न बुझ्नु अल्लारे हाँसो फुस्किहाल्यो, तर राम्रो खित्का छाड्न नपाउँदै कानले ठम्याएछ– उनले पाठ गरेको वेद हाम्रो जस्तै छैन वा !! बुझ्न त कुनचाहिँ वेदका कुनचाहिँ शब्दको पो अर्थ बुझिएको थियो र, तर पनि सुनाइ र घोकाइको अभ्यासले केही शब्दको चिनारी कसो थिएन भनूँ तर उनले पढेको वेदमा न 'हरिओं' थियो न 'हवामहे' : हामी ससाना ठेट्नैठेट्ना थियौं, जिल्ल परेर सुनिरह्यौं । केहीबेरपछि बुझियो– उनले पढेको वेद संस्कृतमा होइन, अङ्ग्रेजीमा थियो सार र स्वर मात्र हाम्रो जस्तो ! तर मखिबुट्टे टोपी ढल्काएर अङ्ग्रेजी वेद भट्ट्याउने यी महापण्डित को हुन् ? प्रश्न धेरैबेर प्रश्न रहेन । नजिक बस्ने भलादमीले बताइदिए– "द्यौकोटो भन्या यही हो द्यौकोटो !" उनले अझ प्रस्टीकरण थपे– "लक्ष्मीप्रसाद द्यौकोटो कवि" भलादमीका शब्द यस्तै थिए,

केही ठरां, केही अप्ठ्यारा । तर हामीले प्रस्टीकरण मागिहाल्यौं, "ए लक्ष्मीप्रसाद देवकोटा ? **मुनामदन**का लेखक ?" हो **मुनामदन**का लेखक !

तर मलाई पत्याउन धौधौ पऱ्यो किनभने लक्ष्मीप्रसाद देवकोटालाई एक पटक मैले खरीको बोटमुनि छात्र सङ्घको उद्‌घाटन-भाषण दिन लागेको देखिसकेको थिएँ– कालो शेरमानी, सेतो डचौढा सुरुवाल, ठूलो निधार, मुन्द्रे कपाल... । उनी यीभन्दा अलि अग्लै पनि थिए कि ? मनमा एउटा वादविवाद चलिरह्यो– ती कालो शेरमानी लगाउने लक्ष्मीप्रसाद हुन् कि यी खैरो कोट लगाउने लक्ष्मीप्रसाद हुन् ? यत्तिकैमा आँग्ल वेदको पाठ सिद्धयाएर उनी माइकनगिचैको (सभापतिको) मेचमा थचक्क बसे, उद्‌घोषकले आएर सुनाए– "अहिले सुन्दै हुनुहुन्थ्यो महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट वैदिक छन्दमा लेखिएको एउटा अङ्ग्रेजी कविता ।"

म छर्लङ्ग भएँ । कालो शेरमानी सल्ल बगेर खैरो कोटमा आत्मसात् भयो । पहिले देखेका र अहिले देखेका देवकोटा एउटै रहेछन्; प्रोफेसर देवकोटा र पण्डितबाजे देवकोटा एउटै रहेछन्; जेन्टलम्यान देवकोटा र मखिबुट्टे देवकोटा एउटै रहेछन्; **कुञ्जिनी**का भ्याउरे देवकोटा र **सुलोचना**का 'नवलय हन्त्री' देवकोटा एउटै रहेछन्, 'पागल' का बौलाहा देवकोटा र 'मार्ग' का महात्मा देवकोटा एउटै रहेछन्; 'दालभात डुकू' का महादरिद्र र 'गरीब' का अद्वितीय धनी देवकोटा एउटै रहेछन् अनि एउटै रहेछन्– महाकवि देवकोटा र आधुनिक निबन्धकार देवकोटा ! सौन्दर्यका पुजारी देवकोटा र व्यङ्ग्यविनोदका चमत्कारी देवकोटा !

यो थियो सं. २००८ सालतिर जयबागीश्वरीमा आयोजित विराट् कविसम्मेलनको एक हँसिलो संस्मरण ।

त्यसपछि २००८ देखि २०१६ सम्मको अवधिमा मैले देवकोटालाई धेरै पटक देखें । डिल्लीबजारको पसलमा क्याप्स्टेन एक बट्टा मागी पैसासैसाको हिसाब नगरी हिंड्ने 'कविबाज्या' बुखारेस्टबाट फर्केर तीनधाराको चउरमा हँसाईहँसाई केरा खाएको अनुभव सुनाउने देवकोटाजी; त्यसै चउरमा शान्तिको गहन व्याख्यान गर्ने गम्भीर वाग्मी देवकोटाज्यू, 'टचुसनात् टचुसनान्तरम्' गरी जहान पाल्न घोक्रो बजाइरहेका देवकोटा गुरु, माननीय शिक्षामन्त्री देवकोटा, नेपाली एकेडेमीका सदस्य देवकोटा...... उच्च निधारका हृष्टपुष्ट मधैंका ओजस्वी देवकोटा एवं ख्याप्ल्याक्क र जिर्लिङ्ग अवतारमा देउपाटनको

पाटीमा कनिरहेका मर्ने अघिल्ला दिनका देवकोटा... । तर जेजति पटक देखे पनि आफूलाई रमाइला उनै लाग्थे– मखिबुट्टे टोपी र खैरो गलबन्दीका भण्डारखालमा अङ्ग्रेजी वेद सुनाउने लक्ष्मीप्रसाद र असङ्ख्य श्रोतालाई ध्यानाकृष्ट पार्दै नक्सालमा 'पागल' कविता पाठ गर्ने देवकोटा । त्यसैले त देवकोटाको साहित्यसागरमा अरू सबै छोडी मलाई पहिलो तुलबुली लागेको छ– व्यङ्ग्यविनोदकै माछा समाउन ।

:२:

साँच्चै, देवकोटा नेपाली साहित्यका 'औतारी लामा' हुन्; उनी कहिले ढयाङ्ग्रो ठटाउँदै भोटेसेलो गाउँछन्, कहिले सारङ्गी रेट्तै 'गाइनेगीत', कहिले स्वयं पागल छु भन्छन्, कहिले गाउँछन् 'हुरीको गीत' । लहडी स्वभाव, मयूरपङ्खी भाव र अध्ययन एवं अनुभवको व्यापक प्रभावले खारिएको देवकोटाको प्रतिभापुञ्ज एकातिर मुक्त उड्डयनशील छ भने अर्कोतिर व्यङ्ग्यविनोदी पनि । त्यसैले हामी आफ्नो सन्दर्भको श्रीगणेशाय नमः उनको श्रीगणेशाय नमः बाटै गर्न सक्छौं– "धेरै जना भन्नेछन् यो के गन्थन ! यो के झुत्रे गफाडी गुन्द्रुक हो ? तर प्रबन्धले र विदेशीले कुरा बुझाउन लिएको बाङ्गो व्यङ्ग्यसहितको मुस्कुराहटसाथ भन्दछ– महाशय ! या पण्डितजी ! म त हाँस्न, खेल्न र रमाउन जन्मेको, म एउटा ठटयौलो रसिलो साथी हुँ । तपाईंको शास्त्र गह्रुङ्गो, मगज भारी झोक्राइ र रौं चिर्ने बहससँग मेरो गोरु बेचेको साइनोसम्म पनि छैन" यहाँ देवकोटा आधुनिक निबन्धबारे आफ्नो विचार व्यक्त गर्दै छन् । यसैबाट के स्पष्ट हुन्छ भने आधुनिक निबन्धका विभिन्न विशेषताहरूमध्ये व्यङ्ग्यविनोद पनि एक हो । यस विशेषतामाथि देवकोटाको थप विशेषता हो– गुरुगम्भीर विषय समातेर पनि व्यङ्ग्यविनोदलाई सँगसँगै लैजान सक्नु ।

"तरङ्गहीन, लहडशून्य, लटमुखा, गद्दू पुरुषहरूभन्दा त गाँजा खाने थर्डक्लास भलादमीहरू धेरै मजाका हुन्छन् । तिनीहरूको सानो कोठरीभित्र एउटा अलिखित साहित्य छ । त्यहाँ बसी तिनीहरू अविदितको यात्रामा चल्दछन् र यस्ता-यस्ता चुट्किला, रसिला खोज पत्ता पाउँछन् कि साधारण श्रोता चकित भएर उठ्दछन्, –कुनै हिँड्दाहिँड्दै यति हिँडेछ रे कि उसको सब जीउ पैतालादेखि खिइएर खालि टुपी लिखुरलिखुर गर्दै घर आइपुगेछ रे !" ('कल्पना', लक्ष्मी निबन्धसङ्ग्रह, पृष्ठ ८)

हिंड्दाहिंड्दा पैतालादेखि सब जीउ खिएर लिखुरलिखुर गर्दै घर आइपुगेको टुपीको कुरा सुन्दा हाँस्नु त स्वाभाविकै हो, गँजडीलाई तेस्रो दर्जाको भलादमीत्व पहिराउँदै लहडशून्यलाई चौथो दर्जासम्म पनि नदिई गद्‌दू पुरुषमा गनिदिएर उनले यहाँ गजबको व्यङ्ग्य सिर्जना गरेका छन् । व्यङ्ग्य र विनोदको यो हातेमालोले कल्पनाजस्तो भाव गम्भीर निबन्धमा पढ्ने चाख र बुझ्ने सुविधा दुवै थपिदिएको छ। यस्तै अर्को एक टुक्रा हेरौं– "मनै तीन मासाको छैन, तीन तोलाको अलङ्कारले के भन्नु ?...... म मैजस्तो छु, अरूजस्तो छैन । मैले आफ्नो व्यक्तित्व प्रदर्शन गर्न खुर्सानीको माला लगाउनु पर्दैन" यसमा अलङ्कारपन्थी, अनुकरणशील र टाईंफुईं साहित्यकारहरूको बानीप्रति केही कटु प्रहार छ। 'तीन मासा' र 'खुर्सानीको माला' जस्तो प्रतीकले त्यस कटुमा विनोदको मधु पनि थपेका छन् ।

यसरी कटुमधु ट्वाक्क मिलाएर साँधेको मिट्ठी अचारजस्ता अनुच्छेदहरू उनका धेरै निबन्धहरूमा पाइन्छन् जसले निबन्धको रोचकता बढाउनुको साथै लक्ष्मीप्रसाद देवकोटाको व्यङ्ग्यविनोदी विशेषता टड्कारै झल्काएका छन् । यनका अतिरिक्त 'धूम्रपानसित क्षमायाचना', 'कविराजको च्याङ्ग्रे खच्चर' जस्ता केही पूरै हास्यव्यङ्ग्यात्मक निबन्धहरू पनि पत्रिका र पुस्तकका पत्रतिर यत्रतत्र भेटिन्छन् । धूम्रपानको समर्थनमा उनको विनोदी बसिलाले ताछतुछ पारेर तेर्स्याएका तर्कहरूमध्ये एउटा यो पनि छ– "सर्पजस्ता विषालु कीराहरूलाई धूवाँ देखाएर धपाइन्छ, कारण उनीहरू धूवाँदेखि डराउँछन्, त्यसैले धूम्रपानदेखि डराउने मान्छे सर्पजस्तै डरलाग्दा हुन्छन् ।" 'कविराजको च्याङ्ग्रे खच्चर' बाट एक टुक्रा पढिहालौं– 'शङ्कर साँढेमा चढेर कसले निन्दा गर्न सक्यो ? गणेशजी मूसामा चढेर साना भएनन् । सरस्वती हाँसमा चढेर पनि संसारको पूजा पाउँदै छन् भने हाम्रा कविराज बाजेलाई चयाङ्ग्रे खच्चरमा चढ्दैमा नचिन्ने र ढोग्न नआउने को होला ? फेरि, पहाड चढ्दैमा मान्छे ठूलो हुन्न । नत्र लेकका मान्छेहरू सर्वोच्च सम्झिइनुपर्ने हो ।...... यस्तै सन्तोष तरङ्गहरूले आनन्दित भएका हाम्रा कविराजजी जुँघामा ताउ लगाएर फेरि एक हात कम्मरमा अड्याएर च्याङ्ग्रे झोक्रुवा मिजासको जन्तुलाई पयरको ऐडी र लगामको झटारोले अगाडि बढाउँथे– लिखे टुकुरटुकुरमा– र यो मीठो चैतन्य उनमाथि गद्‌गदाएर चढ्दथ्यो कि हजारौं गोडाहरू उचालिँदै पछारिँदै ठक्कर ठेस खाँदै वाहन विना बागबजारको सडकमा रँगमगिइरहेछन् ।"

च्च ! बिचरा कविराज बाजे, एउटा च्याङ्ग्रे खच्चरमा कति आत्मतृप्त !

उचालिंदै-पछारिंदै ठक्कर-ठेस खाँदै रंगमगिएका हजारौं गोडाहरूका बीच खच्चरकै भए पनि ऐडीमा झुन्डिएका उनका एक जोर गोडा कति श्रेष्ठ, कति उच्च ? धन्य धन्य, परपीडाजन्य आत्मसन्तोष, कति टीठलाग्दो, कति हाँसो उठ्दो ।

निबन्धका यी व्यङ्ग्यविनोदी झल्याकझुलुक कवितामा झन् फराकिन्छन् । बोके प्रेम र बक वेदान्त दुवैलाई उडाउँदै लेखिएको उनको एउटा कविता छ 'बोके प्रेम' । एउटी मैयाँसाहेब कोही नपाएर बोकासित प्रेम गर्छिन्, तर जब बोको काटिएर कसौंडीमा पर्छ, त्यहाँ प्रेमको त्यागपक्ष र वेदान्तको साक्षात्कार पक्ष छड्किन थाल्छन्, अनि मैयाँसाहेब चौटा लुछ्तै प्रेमको आदर्श गाउँछिन्–

'मासु मासु मज्जा
बोसो बोसो रसमा रस
मिल्ला जो जो प्रेम गरीकन
कविहरू गाउलान् त्यसको यश
बोके 'रुनु' भो रुनु बोके भै,
मिलन हओस् ता यस्तो मिलन
प्रेम कहानी अरू सब फोस्रा
सच्चा दिलको यही हो चलन'

('रचना', पूर्णाङ्क ७)

यहाँ व्यङ्ग्यभन्दा बढी विनोद छ, यस्तै एउटा पुरानो कविता छ 'एक डल्लो आलु' । जसमा नेपाली साहित्यका एक आधुनिक प्रयोक्ता कवि विनोदका प्वाँख फिरफिराउँदै उडेको छ–

'के गर्छौ गुन्टु ?
अनि बहिनी डल्ली के गर्छ्यौ ?
गुन्टु भन्थे– "कमाउँछु धेरै पैसा तराजु चढी
दुनियाँको"
डल्ली भन्थिन्– काट्छु अलक मेरा एक धनीको
घर जान्छु । रातो फरिया खोर्सानीको चट्ट
परेको म लाउँछु,
घस्छु म पाउडर जीरा मरीचको"– इत्यादि

('शारदा' वर्ष ११, सं. ३।४

उनको विनोदी कविले **शाकुन्तल** महाकाव्यमा पनि मौका पर्नासाथ विनोद गर्न अल्सी मानेको छैन । दुष्यन्तलाई सिकारको धन्दा छ, उनकी सँगी भैखाएको वाहुनलाई चाहिँ खानाको बाहेक अरू केही धन्दा छैन । उसको खन्चुरोपन, डरछेरुवापन आदिको हाँसउठ्दो चित्रण **शाकुन्तल**को एघारौं सर्गमा पाइन्छ । अझ हाँसोउठ्दो प्रसङ्ग त भेटिन्छ पन्ध्रौं सर्गमा, जब उही खन्चुरो बाजे आफ्नी प्रियतमाको वियोगमा छटपटाउन थाल्छ । राजाले खोऱ्याउँदाखोऱ्याउँदा बल्लबल्ल प्रेमी बाजे आफ्नी प्रेमिकाको हुलिया दिन्छ–

'हाँडी नाम मुसोमयी मृदुमुखी
ती पुष्प भण्डार हुन्'

X X

'हा हाँडी मृदु यौवनी कुसुमकी
भण्डार प्यारी तिमी ।'

हाँडीको वियोगमा छटपटाएको निज 'मकै चरो' बाजेलाई सान्त्वना दिँदै राजा भन्छन्–

'धन्दा छैन मिलाइदिन्छु सहजै
गाला रँगाईकन
गाला जोर्न लगाउनेछु दिलकी
त्यस्ती उज्यालीसँग ।'

यस्तै **सुलोचना** महाकाव्यमा शत्रुमर्दनको जङ्गी स्वभाव चित्रण गर्दै उनको गाली र गर्जनामा स्वाभाविकता भरेर देवकोटा हँसाउँछन्–

'तँ काठो कन्धने को होस् ?
कात्तिके म अगाडिको
जवाफ लाउने ठूलो !
टपरे सोह्र श्राद्धको'

:३:

त्यसैले विनोदकै उद्देश्यले मात्र लेखिएको कवितासङ्ग्रह **मनोरञ्जन** एकपल्ट पल्टाउनु यहाँ बढी सान्दर्भिक होला ।

'यहाँ हाँस्नलाई छ अल्पावकाश
लिई हात मौका खुलापेट हाँस'

भन्दै उनी 'थालनी' मै जीवनमा हास्यको औचित्य र आवश्यकता साँच्चै चित्तबुझ्दो रूपमा बताउँछन्–

'दुखी यो रुझेको जगत्मा मलीन
छ छायाँ झुकेकी, मुहारै छ दीन
यहाँ थप्नु के आँसु छायाँ खरानी
उज्यालो छरी चम्क चम्काइ नानी'

('मनोरञ्जन', पृ. २)

मनोरञ्जनमा व्यङ्ग्यको भन्दा विनोदको मात्रा बढी छ भन्ने उनको भूमिकाको यसै वाक्यले प्रस्ट गर्छ– "हास्यरस यसमा प्रधान छ ।"

करुणरसी **मुनामदन**, शृङ्गाररसी **शाकुन्तल** एवं वीररसी **महाराणा प्रताप**का कवि देवकोटाले हास्यरसलाई कहिल्यै हेय ठानेनन्, उनको अनुभवमा– "हास्यरसमा पनि सत्यको उद्घाटन हुँदो रहेछ ।" यस प्रसङ्गमा उनको 'हास्यरस' शीर्षक निबन्धको सम्झना हुन्छ । तर यहाँ हास्यबारे सैद्धान्तिक छलफलपट्टि नलागी मनोरञ्जनका निम्ति उनले निकालेका विचित्र माध्यमहरूको एक झलक लिऊँ– अश्रुहास, व्यङ्ग्यचित्र, गिज्यौली ढोलकी, उत्ताउली, पानी हाँसो, वृत्ति छाया, छोड दिल्लगी इत्यादि । हास्यकविताका यी नवीन माध्यमहरूको नाम राख्ने र प्रयोग गर्ने पहिला कवि देवकोटा नै हुन् भन्नु अत्युक्ति होओइन ।

व्यङ्ग्यचित्र खिच्ने उनको खुबी 'कविराजको च्याङ्ग्रे खच्चर' मा पनि देखिएकै हो, 'वकराबाबा' मा झन् प्रस्ट हुन्छ–

'बाबा बोले लमसर्का ती
चट्का स्वरमा झट्कादार
यस दुनियाँमा धर्म मिठाई
भक्ति मिठाई लस्सादार ।'

शब्द, शैली र भाव तीनै स्रोतबाट यहाँ व्यङ्ग्य बहेझैँ र हास्य चुहिएझैँ लाग्छ । आदती स्वभावको विरोधी चेतनाबाट हास्यरसको सिर्जना हुन्छ भनी उनले भनेझैँ 'नयाँ जमाना' मा उनी आधुनिक सभ्यताप्रति हाम्रो आदती स्वभावले गरेको विरोध अभिव्यक्त गर्दै हँसाउँछन्–

'नयाँ मेम छन् चट्ट क्राटेर बाल
धुवाँ फिर्फिराई घुमेका कपाल

डटी ह्याट व्यट्लेर जाँघै खुलायो
अनौठा जमाना नयाँ आज आयो ।

नवाफी रवाफी कवाफी छ नेता
विलासी गिलाँसी सुवासी विजेता
प्रजातन्त्रको ढ्वाँग रित्तो करायो
अनौठो जमाना नयाँ आज आयो'

यसरी एकातिर आधुनिकतालाई उडाउने देवकोटाज्यूले अर्कातिर कट्टरपन्थी 'शठ पण्डित' लाई पनि कम छ्याँसेका छैनन् । त्यसैले **मनोरञ्जन** भित्रका कविता पढेर उनलाई कट्टर पुराणपन्थी वा आधुनिक रीतिछाडा भनी किटिहाल्नु हुँदैन । **मनोरञ्जन**को त उद्देश्य नै मनोरञ्जनभित्र सीमित मान्नुपर्छ; यसले देवकोटाका विचारको प्रतिनिधित्व गर्दैन ।

उपहास र दिल्लगी पनि एक सीमासम्म हास्यका साधकै बन्छन् भने यिनको माध्यम उनी किन नसमातून् । एउटा पहाडियाले राजधानी पस्ता पाएको विचित्र अनुभव 'भ्यागुर नारान' उपहासात्मक कविता हो । यहाँ पहाडिया केटो पाइलापाइलामा आफ्ना आदतहरूसितको विरोध पाउँछ । सुहागरातमा सजिएको बिछ्यौनाभित्र पस्न नसकी खाटमुनि निदाउँछ । किनभने–

'यसो पस्न खोज्छन् कतै छैन ढोका
घुमे चार तर्फै सबै तर्फ धोका
परे जिल्ल ती धेर नै बेर बोका
कहाँ सुत्नु होला ? सबै तर्फ रोक्का'

'भ्यागुर नारान' कथा हाँसउठ्दो, चरित्र र चित्र हाँसउठ्दा, शैली हाँसउठ्दो अनि दुई परम्परा नमिल्ने सभ्यताको अड्बाङ्गी सम्मीलन ! तब न उनले भने 'उपहास-गिज्यौली' ।

अर्को एउटा छोरुँ छांड दिल्लगी; यसलाई व्यक्तिगत आक्षेप भन्ने पनि होलान् तर यो आक्षेप आक्षेप पाउनेहरूले पनि हास्नै पर्ने ढङ्गबाट प्रस्तुत छ । नपत्याए **मनोरञ्जन**मा प्रस्तुत केही वरिष्ठ नेपाली साहित्यकारहरूको शब्दकार्टुन पढ्न सक्नुहुन्छ ।

'तिगडम्' उनको तिक्खरो कविता हो–

'यस संसारमा बोको नबन
भोको नबन
चोखो नबन
तीन विशेष यी वर्जित धोखा !
असलीमा हो सफल हुनु नै
स्वर्गको ढोका
किन यो अभागी नाकको टुप्पो
तत्त्व अरूमा रगडम्
जाउँ बनारस, एक छ पारस
किल्ली त्यहाँ रे तिकडम्
सब लठ पारी
सब तिर चारं
आफू उतारं
खाँचो टारं
विनाश शीले इह संसारे
पाहि मुरारे
अब परिवारं
विद्या, कला सब अकडं बकडं
किल्ली केवल सुन्दर तिकडं'

('मनोरञ्जन', पृ. ८७)

यसरी 'लाटाको तिर्सना' देखि 'यो युगलाई ढ्वाँग भनूँ कि ?' भन्नेसम्मका थुप्रै कविताहरूमा कवि देवकोटाले आफ्नो कलमको मनोरञ्जक सीप राम्ररी देखाएका छन्; साथै जीवन र जगत्का बाह्य र आन्तरिक विकृति, विरोधाभास र ढोङहरूलाई उडाएका छन् ।

हो, **मनोरञ्जन**मा गुलिया लड्डु बनाउँदाबनाउँदै कतै काँठे कसारझैँ ती कट्ठिएका पनि छन्, कतै शब्दैमा मात्र बाँचेका 'ढोलकी' पनि । तैपनि भन्नुपर्छ **मनोरञ्जन**ले देवकोटाको विनोदी वा हास्यकविको अवतार राम्ररी देखाएको छ ।

:४:

एउटा आँखामा अन्तरवीक्षण र अर्कामा यथार्थान्वेषणशक्ति भएका देवकोटा एकातिर प्रकृतिका पत्रपत्र केलाएर मक्ख पर्छन् र भन्छन्–

'तिम्रो गिदी छ, साथी
मेरो मुटु
तिमी गुलाफलाई गुलाफ सिवाय देख्न सक्तैनौ
म उसमा हेलेन र पद्मिनी पाउँछु ।'

अर्कातिर मानवीय प्रवृत्तिका चक्रवक्र देखेर स्वयं तिलमिलाउँछन् र भन्छन्–

'जब भंगेर-टाउके छापाको कालो मिथ्याले
मेरो विवेकवीरलाई
जाली झूठले ललकार्छ
तब हुन्छन् मेरा गाला राता साथी
सल्केका गोल झैँ राता ।'

नभन्दै जब दुष्प्रवृत्ति र दुराग्रहहरूले मानवताको बाटो बिथोलेको उनको 'विवेकवीर' ले अनुभव गर्छ, उनी गाला राताम्य पार्दै पड्कन्छन्–

'गोली हो यो गोली हो !'

कति गोली उनले मानिसको मात्स्यन्यायी प्रवृत्तिमाथि ठोकेका छन्; कति गुलेली उनले समाजका विकृति, वैषम्य र विरोधाभासमाथि हानेका छन् । सीधासाधाले बाँच्न नपाउने मात्स्यन्यायमाथि गाली बर्साउँदै लुरे बच्चो पाउने बधिनीलाई बाघको स्वरमा उनले स्वयं छर्चासिदिए–

'ए तेरो छोरा त श्यालसिंग नाथे,
मेरै पयरमा लुटुपुटु गर्न पो खोज्छ ए
मान्छेको बच्चा जस्तो नाथे
मानौँ करुणा माग्ने मगन्ताको छाउरो जस्तो'

हुन पनि दुनियाँ हाँकडाँकको हो, निर्धादुब्लालाई यहाँ बाँच्ने अधिकारै छैन । त्यसैले नित्सेको गर्जनमा सही हालेझैँ गरी देवकोटा वास्तविकताको तीखो गुलेली हान्छन्–

'अर्काका रगतको छापा नमारी
जीवनको खै लाल मोहर !

कमजोरी हो खटिरो
फोर्नु पर्छ फोहोर !'

('बाघले बच्चा किन खान्छ', **शारदा**, वर्ष, १२, सं. ११।१२)

रूप सानो होस् वा ठूलो तर मान्छेको समाज मात्स्यन्यायले ग्रस्त छ। अन्याय, अत्याचार र शोषणको निर्मूल कहिल्यै हुँदैन। त्यसैले साँढेको शब्दमा कवि कुर्लन्छन्–

'हेर ठिटा हो !
सुन जङ्गलको कानून
उसको सिंग छ उसकी स्वास्नी
ब्रह्मचारी मुडुला
जसले हाँक्यो, उसको पाक्यो
काँतरको हक थाक्यो ।'

('साँढे', **छ्याकन**, पृष्ठ १५७)

भन्छन्– कतिपय समाजमा दालभात, तरकारीबाहेक अरू सब सरकारी हुन्छ, देवकोटाको समाजमा दालभात, तरकारीको जुटान पनि सगरमाथाको चढानजत्तिकै दुरूह बन्दछ। दक्षिण-पूर्व एसियाभरका ९० प्रतिशत दालभात-पीडितहरूका प्रतीक कवि देवकोटा मान्छेको अन्तिम 'आँ' मा पनि दालभात-डुकूको अतृप्त धोको बाएको देख्छन् र भन्छन्–

'स्वर्गका हे अधिराज हाम्रा
छैनौ चाम्रा
करुणा गर
पृथ्वीमा यो पाइएन, स्वर्गमा होला भनेर
अर्कोतर्फ धाइएन
आँ, आँ, प्रभु ! आँ आँ प्रभु
दालभात डुकू ! दाल भात डुकू !!!'

('दालभात डुकू', **इन्द्रेणी**, वर्ष १, अङ्क ४३)

आर्थिक होस् वा नैतिक, भौतिक होस् वा आत्मिक सबै क्षेत्रमा मानवोचित तह मिलेको देख्न खोज्ने कविका धोको सबैतिरका बेतहमा ठोकिएर चूर्ण हुन्छ; अनि उनलाई गुलेली मात्र हानेर चित्त बुझ्दैन र रन्कन्छन्– गोली हो यो गोली हो, तर कैयौं तोपले तह मिलाउन नसकेको मान्छेको समाजमा कविको बोली

र कलमको गोलीले मात्र के गर्न सक्छ र ? त्यसैले कविलाई झोक उठ्छ र भन्छन्–

'अलम् !
भाँचूँ भाँचूँ लाग्यो कलम् !
के यो नखरे गुण्डो होइन दुनियाँको साँप ?
कृत्रिमताको श्राप
के म गरिरहेछु यो सब कुरा वाफ ?'

('भाँचूँ कि मेरो कलम्', **शारदा**, वर्ष १३, सं. ३)

हो, देवकोटा सभ्यताका विरोधी होइनन् तर कृत्रिमता उनलाई मन पर्दैन । उनी मानिसको हार्दिक विराटतामा आस्था राख्ने मान्छे आधुनिकताको प्रवाहले ल्याएका बोझाहरूप्रति उनको रोष छ । त्यसैले आधुनिक शिक्षाले मान्छेमा निहित विराटता, भौतिकता र स्वतन्त्रताहरूलाई ठिङ्ग्र्‍याएको छ भन्ने गुनासो गर्दै उनी लेख्छन्–

'हाई हाई अंग्रेजी'
'गधा बुद्धिमान् कि गुरु ?'
'भलाद्मी'

इत्यादि केही व्यङ्ग्यात्मक निबन्धहरू । 'गधा', 'भूतलाई झटारो' आदि कतिपय कविताहरू । यी सबैको प्रतीक एउटै उदाहरण यहाँ टिपूँ–

"गधालाई गुरु मानेको भए मेरो दुनियाँमा यतिको आत्मपतन हुने थिएन; तर मेरा गुरुजीले मलाई यस्ता शिक्षाहरू दिनुभयो जसले अनन्तको मगजमा बोझा भर्दछ ।"

('लक्ष्मी निबन्धसङ्ग्रह', पृ. १३४)

हामी जसलाई जान्नु भन्छौं, देवकोटा त्यसभन्दा माथि उक्लेर जान्नुलाई जोख्छन्; एकातिर कति सङ्कीर्ण छ आजभोलिको जान्नु, अर्कातिर कति बोझिलो छ केही जान्नु । मान्छेको विराट्सँगै फराकिएर मान्छेको अगाधताभित्र डुबुल्की मारी शाश्वत गीत सुसेल्न खोज्ने महाकविलाई यी दुवै थरीका जान्नुदेखि वैराग्य लाग्छ र उनी पुकार्छन्– "प्रभुजी ! मलाई भेडो बनाऊ ।" आफूले देखेजानेका कति सत्यहरू जब कार्यरूपमा देख्नभोग्न पाइँदैन, त्यसबाट मानिसको चेतन संस्थानमा पर्ने आघातहरू सहनुभन्दा चेतनमा बिर्को लगाएर निस्पट्ट हुनु बेस हैन र ? तर होइन देवकोटाको भेडो बन्ने पुकार त मान्छेको

ज्ञान र कर्ममा देखिने भयङ्कर असामञ्जस्य एवं विरोधाभासप्रतिको एउटा ललकार हो । यसरी खोज्दै र खोतल्दै जाने हो भने देवकोटाले जीवन र जगत्का विविध पक्षमा व्यङ्ग्यको माध्यमबाट सामञ्जस्य र समीचीनता खोजेको देखिन्छ । त्यसैले भन्न कर लाग्छ– देवकोटाले हास्यव्यङ्ग्यलाई केवल मनोरञ्जनमा मात्र नखुम्च्याई सत्यको उद्घाटन गर्न सक्ने क्षमता दिएका छन् र जीवन र जगत्का सर्वकोणीय उबडखाबड छामी सामञ्जस्य र सत्य खोज्ने व्यापकता र गहिराइ दिएका छन् । त्यसैले भन्नुपर्छ उनको यो भनाइ उनकै रचनाहरूबाट साबित भएको छ– "सुधारक चैतन्यले सामाजिक वास्तविकताहरू उपहास बनाउँछ, र हृदयस्पर्शितासँग भावुक प्रेरणाले लहराए त्यहाँ कविताको प्रशस्त मात्रा रहन सक्छ ।" यो उनले हास्यरसले कवितालाई तल ओराल्छ भन्ने समालोचकहरूको भनाइमा टिप्पणी गर्दै भनेका थिए ।

त्यसैले यो प्रसङ्गको अन्त पनि उनकै एक श्लोक टिपेर गरे कसो होला ?–

'हाँसो हो स्वास्थ्य मीठो हँसमुख दुनियाँ
रामका हुन् प्रजा रे
हाँसो हो आयु हाम्रो जिउनु हँसमुखा
मृत्यु हो म्लानता रे

+ +

आँसु हो कालवर्षा रतन लहर हुन्
मोतिका जिन्दगानी

X X

हाँसो हो हंस हाम्रो जब पतन भयो
आँसुको जान्छ आस ।'

'नवरस', पृष्ठ १६९

(**भानु** देवकोटाविशेषाङ्कबाट

तिवारी गुरु र भान्छेबाजे

आफूले घिउचिनी चाट्नुभन्दा धेरै अगाडिदेखि नेपाली साहित्यको भान्छा पस्नुभएका तिवारी गुरुको सीपबारे केही बोल्नुपर्दा आफ्नो हक नपुग्ने कुरा त गर्न लागेको छैन ? भनी मलाई धक लागिरहेछ; तैपनि उहाँको यो परिकार आफ्नो स्वादमिल्दो लागेकोले धृष्टता गर्दै छु ।

वास्तवमा साहित्यकार एउटा मान्छे नै हो, ऊ जीवनलाई कोसाभैँ छोडाउँछ, गाँठाभैँ ताछ्छ । श्रुति र अनुभूतिका नुन-भुटुनसाथ प्रतिभाको कराहीमा छड्काइएको जीवनरस नै साहित्यकारको परिकार हो । यस्ता परिकारहरू एकपछि अर्को थप्तै भीमनिधिभित्रको 'भान्छेबाजे' ले पबितै पस्किसकेको छ । तर भन्नेको मुख कल्ले टालिदेओस्–

'एउटा भन्छ नून बिलिनो, अर्को भन्छ चर्को,
तेस्रो भन्छ पीरो छैन, चौथो भर्कोफर्को,
कान्छो भन्छ चाम्रो भुट्नू, जेठो भन्छ भोल,
कसको जिभ्रो हेरूँ मैले ? –मान्छे भद्रगोल'

सन्तोक यही छ जस-अपजसको यो 'भद्रगोल' मा पनि धैर्यनिधि तिबारी अलमलिनुहुन्न–

'मेरो आफ्नै स्वच्छ सुर छैन कुनै छलछाम
म यो घरको भान्छे बाजे पकाउने मेरो काम ।'

यही 'स्वच्छ सुर' अनुसार तिवारीज्यूले गजल गाउनुभयो, भजन भन्नुभयो, जीवनका चित्रविचित्र पाटा पल्टाई सयौँ व्यथाका कथा हाल्नुभयो, दर्जनौं चरित्रमा नाटक खेल्नुभयो । यही 'स्वच्छ सुर' अनुसार तिर्छे गजलबाट सुरु भएको उहाँको काव्यप्रवाह आज कर्के कवितामा पुगेको छ । शृङ्गारबाट सुरु भएका भर्तृहरि नीतिमुख हुँदै आखिर **वैराग्य शतक** लेख्न पुगेथे, तर

भीमनिधिको काव्यप्रतिभा **बयासी गजल**का बैंसालु काउकुतीहरूबाट फुटी **तर्पण** र **यशस्वी शव**मा कारुण्य धारा बगाउँदै वैराग्यको ठीक उल्टो व्यङ्ग्य र विद्रोहमा पुगेको छ; **विस्फोट** यही बक्छ, **सिंहदरबार**ले सही गर्छ।

तर साहित्यकार भान्छेभन्दा पहिले मान्छे हो। ऊ सृष्टि डोऱ्याउन प्रीति खोज्छ; प्रीति पाउन स्थिति खोज्छ र स्थिति बसाल्न नीति रोज्छ; तर उसले खोजेरोजेका कुराको प्राप्तिमा जब बाधा उभिन्छन्, व्यवधान तेर्सिन्छन् अनि कहिले ऊ सुस्केरा हाल्छ, कहिले हुङ्कार गर्छ। 'आफ्ना' यी सुस्केरा र हुङ्कारलाई पनि 'अरूका' सित मिलाई 'सबैका' जस्तो पार्नुमा साहित्यकारिता ब्यूँतन सक्छ, आफ्नै मात्र बिलौना गर्न सामान्य मान्छेले पनि सक्छ। त्यसैले डेढ बीस वर्ष जागिर खाँदा पनि थोत्रो साइकल नछुटेको र एक डोको पुस्तक लेख्ता पनि उचित प्रतिष्ठा नपाएको वैयक्तिक झोकलाई साधारणीकृत गरी आफ्नो जुगको आर्थिक, सामाजिक अवस्थाप्रति भीमनिधिज्यूले व्यङ्ग्यको गुलेली ताक्नुभएको छ तर वैयक्तिक कुण्ठाहरूलाई निर्वैयक्तिक ध्वनि दिन उहाँ कति सफल हुनुहुन्छ, कति असफल, यो छुट्ट्याउने काम विज्ञ विवेचकहरूको हो। मैले भन्न खोजेको त यति मात्र हो– जति जागिर खाए प[illegible], पाउदानी फेरिन नसकेको आफ्नो साइकलदेखि लिएर जति जुग फेरिए पनि आफ्नो रूप नफेरिने सामाजिक असन्तुलन, आर्थिक वैषम्य र राजनीतिक गुटबन्दीहरू प्रत्यक्ष देख्नु, भोग्नुपरेकोले भीमनिधिभित्रको कविलाई विद्रोहनिधि बन्न बाध्य गराएको छ। यो विद्रोह धेरैजसो 'तोप' भएर पड्कन खोज्छ–

'कलम भन्ने गलत भन्छन्
मसी होइन बारुद हो
नालबाट निस्केको यो
वाक्य-गोला विस्फोट हो'

तर यही विद्रोह कतै पुच्छर लुकाउँदै भाग्न खोज्छ–

'हरे ! किन म मानिस बनें
सृष्टिको यो भूल
अर्को जुनीमा कुकुर बनूँ
जलवायु अनुकूल'

तोपको आवाहन गर्ने सिपाही भए पनि भान्छे भएकोमा बिस्मात गर्ने

पुच्छर-प्रार्थी दाइ भए पनि उहाँले विद्रोहको गुलेली व्यङ्ग्यलाई बनाउनुभएको देखिन्छ र लाग्छ– पहिले 'काम्यो लुग्लुग त्यो गरीब बिचरा' भनी आफ्नो चित्रणप्रवीणता देखाउने भीमनिधि अब 'खसीको टाउको' जस्तो कविता लेखेर आर्थिक वैषम्यलाई छनक मार्न व्यङ्ग्यनिधिमा साटिनुभएको छ ।

उहाँ कहिले नेताको नैतिकतालाई गिज्याउनुहुन्छ–

'म पनि एउटा पार्टी खोल्छु सहयोग गर्नुहोला
पर्चा म स्वयं लेखिदिन्छु तपाईं छर्नुहोला ।
मचाहिं लिउँला सिंहासन,
तपाईंलाई दिउँला आश्वासन
भुसिल्कीरा पुतली भएझैं काँचुली फेर्नुहोला'

कहिले कर्मचारी वृत्तिलाई खिज्याउनुहुन्छ–

'टिप्पणी लेख्छन्, टिप्पणी पढ्छन्,
टिप्पणीमय यी छन्
टीकाटिप्पणी गर्न नसक्ने
तैपनि दब्बू यी छन्'

कहिले थोरै उपलब्धिको क्षणिक महत्ताभासले फुल्ने नेपाली प्रवृत्तिलाई छर्यास्नुहुन्छ–

'एक झर बर्खे पानीले
एउटा सानो कहानीले
मानो राज्य पाए जस्तो
भाँगबूटी खाए जस्तो
दायाँबायाँ क्यै नहेरी
ढुङ्गा–मूढा क्यै नटेरी
किन बन्छस् बेहोश ?
जाबो तँ ता खहरे होस् ।'

त्यसैले यो प्रस्ट छ, तिवारीज्यूको व्यङ्ग्य देश, काल, परिस्थितिसापेक्ष हुँदै परिवेशको व्यापकता खोज्न फटफटाएको र जीवनसापेक्ष हुँदै यसका अन्तर्तम बेतह र विरोधाभासहरू छाम्न सगबगाएको देखिन्छ तापनि समालोचकहरूले खोजेजति व्यापक परिवेश र गहिराइ पाउँछन्, पाउँदैनन्, यो अहिल्यै मैले भन्न सक्ने कुरा होइन । हामीले भन्न सक्ने त यति मात्र हो–

उहाँका व्यङ्ग्यकविताहरू देश, काल र स्थितिदेखि निरपेक्ष छैनन् ।

यसो त व्यङ्ग्य पनि हास्यरसको प्रमुख उत्पादक हो तर यसको साथै विकृति, उक्तिवैचित्र्य (वीट), अनुकरण (क्यारिकेचर), प्यारोडी आदि हास्योत्पादनका धेरै माध्यमहरू छन् । व्यङ्ग्यनिधि तिवारीले आफ्ना कतिपय व्यङ्ग्यकवितामा हास्यको जलप लगाउन विभिन्न अनुकूल माध्यमको सहारा लिनुभएको छ तापनि उक्तिवैचित्र्य उहाँको विशेषता हो । यसैले 'मेरी श्रीमती', 'शनिवारको बिदा', 'साँढे बुबा', 'ज़िन्दावाद', 'साझा सेवा', 'भैंसी' आदि केही कविता विषयवस्तुको छनोट, उपमा र रूपकको अजिबताले विशुद्ध र सफल हास्यकविता भएका छन्; 'मेरो जविन', 'बाङ्गो' आदिमा हास्य र व्यङ्ग्य दुवैको समन्वय पाइन्छ । तर दोषै खोज्ने हो भने एउटा-दुइटा कविता न हास्य, न व्यङ्ग्य भई केवल असन्तोकमा अमिलिएर अलपत्रिएका पनि पाइएलान् ।

हास्य पक्षमा चियाउन खोज्नासाथ तिवारीज्यूकी 'भुवनेश्वरी नाम गरेकी हृदयेश्वरी' को याद आउँछ, याद आउनासाथ डर लाग्छ, उहाँलाई कुलेसोले बगाइदियो भने के गर्ने ? त्यसैले त हास्यनिधि तिवारी आफ्नी श्रीमतीलाई खाजा खान एउटा बेलीमा दुई दाना सतिबयर राखिदिनुहुन्छ– हामी हाँस्न थाल्छौं । 'मेरी श्रीमती' अर्को कवितामा 'मध्यमवर्गकी श्रीमती' मा व्याप्तिन पुग्छिन्, जसको उपयोगितालाई कतै चना र गम्छाको प्रतीक दिएर रमाइलोसित प्रस्तुत गर्नुहुन्छ । उपमाका च्यान्टे गोरु नारेर हास्यको बाली लहलहाउने उहाँको दक्षता धेरैजसो कवितामा प्रस्टै छ । उदाहरणार्थ 'घर अड्डा' मा सीमित कर्मचारीको दिनचर्यालाई दिनुभएको एउटा उपमा अघि सारूँ–

'ओहोरदोहोर ओहोरदोहोर
सिकर्मीको रण्डा हूँ
घर घाट, घर घाट,
यो गयाको पण्डा हूँ'

यस्तै 'आइँआइँ' कीर्तन गर्ने 'भक्तिनी भैंसी' देखि लिएर 'कालो अक्षर भैंसीबराबर' का 'गँजडी गुरु' सम्म विभिन्न कवितामा हास्यनिधिले आफ्नो चमत्कार देखाउनुभएको छ । नेपाली समाजका दैनन्दिन प्रयोगमा आउने सानातिना कुराहरूबाट अजिबअजिब उपमा, बिम्ब र रूपकहरू जडेर सहजतासाथ हँसाउनु उहाँका हास्यको विशेषता हो, हास्योत्पादनको लागि

शाब्दिक विकृति, भाषाको खिचडी वा बलात्कारको उरन्ठचौल्याइ भीमनिधि गुरुमा प्राय: पाइँदैन नै भन्ने हुन्छ– यो उहाँको गुरुता हो ।

त्यसैले, 'कविता-नन्द', 'विस्फोट', 'कविता-कुञ्ज' र 'सिंहदरबार' चारै सङ्ग्रहमा छापिएँका केही व्यङ्ग्यप्रधान तितौरा र केही हास्यव्यङ्ग्य मिसिएका मस्यौरा टिपेर एउटै कचौरामा राख्ने अठोटले यो नयाँ सङ्ग्रह सजाइएको छ । तिवारीज्यूले पस्कनुभएका चौरासी व्यञ्जनमध्ये यो पनि एक हो र **बयासी गजल**ले शृङ्गारको, **यशस्वी शव**ले करुणको प्रतिनिधित्व गरेझैँ यसले तिवारी-काव्यको हास्याधार परिचय गराउनेछ भन्ने मेरो विश्वास छ । त्यसैले तिवारी-साहित्यको अध्ययन गर्न खोज्नेहरूको निम्ति त लाभदायक हुने नै भयो, साथै नेपाली हास्यव्यङ्ग्यमा चाख राख्नेहरूको निम्ति पनि **तितौरा र मस्यौरा** मीठै होला । अहिलेलाई यत्ति !

('तितौरा र मस्यौरा' को भूमिकाबाट)

व्यङ्ग्यकार रिमाल : एक दृष्टि

'भनौला– म हिमालनिरको रिमाल; कवि र एउटा नाटककार ।

लौ त नमस्कार !

तर मलाई तिम्रो बाहिरी आकारप्रकारसित कुनै सरोकार छैन । कवितामा तिमी देखिन्छौ– 'प्रीति र मुक्तिका तीव्र तिर्खा, बन्धन र उत्पीडनप्रतिका उग्र प्रहार ।' त्यसैले पारखीहरू भन्छन्– रिमालका कवितामा मायाका सुसेली र क्रान्तिका राग सँगसँगै सुनिन्छन्; रिमालका नाटकमा उन्मुक्तिका छटपटी र उन्नयनका ध्वनिहरू भित्रभित्रै गुञ्जिन्छन् । तिमी स्वयंले पनि सकारेका थियौ–

'मलाई त प्रेम र क्रान्ति बराबर छ !'

तिम्रो प्रेम नारी-प्रेममा जति सग्लिएको छ त्यत्तिकै देश-प्रेममा अग्लिएको छ । तिम्रो क्रान्ति निरङ्कुश राजनीतिक व्यवस्थाको विरुद्ध जति तिखारिएको तिम्रा कविताले बुझाउँछन्, मानवोचित जीवनयापन गर्न नदिने विविध बन्धन-पीडनप्रति त्यत्तिकै फिंजारिएको तिम्रा नाटकले देखाउँछन् 'तिमी को ?' को उत्तर सबभन्दा पहिले एउटै शब्दमा टङ्कारिन्छ– 'नेपाली' । अनि अर्को शब्द गाँसिन्छ– 'साहित्यकार' । प्रगतिशील, रोमान्टिक, यथार्थवादी आदि तिम्रो कविले कमाएका अरू विशेषणहरूबारे विचार गर्नेले गर्दै गर्लान्, पहिले त तिम्रो राष्ट्रवादीत्व नै टङ्कारिन्छ तिम्रा कवितामा–

'फेरि, हिमालयको अग्लो टुप्पाबाट
शंख आज फुक्दछु
आनन्द लुट्न कसैलाई
इरादा छ भने– 'स्वागतम्'
त्यो आओस् नेपालमा
आज रजत जयन्ती !'

त्रिभुवनको 'रजतजयन्ती' मा लेखिएको यो कविता तिम्रो देशप्रेम, राष्ट्रवादिता वा नेपालभक्तिको पहिलो प्रमाण हो । तिमीले देवीसित वरदान माग्दा पनि भनेथ्यौ–

'हे देवी ! दुर्गे ! जगत्की आमा
पुकार हाम्रो सुनी देउ
हामी नेपाली नेपाल हाम्रो
यो भाव सबमा जगाई देउ !'

यतिले नपुगे 'गोपालप्रसाद रिमालले बोलेका खसकुरा' नै सुनौँ–

'हाम्रो छाती कत्रो हिमाल जत्रो
हाम्रो बारीको नाउँ के ? – नेपाल ।'

यस्तो खसकुरा बोल्ने मान्छेलाई खास देशभक्त कसले नभन्ला ? तर त्यस नेपालभक्तभित्रको भक्त निष्क्रिय मालाजपुवा मात्र थिएन, सजग स्वप्नद्रष्टा पनि थियो । उन्मुक्त, जाग्रत् र उन्नत नेपाल उनको सपना थियो भने स्वतन्त्र, सचेत, सुखी र सन्तुष्ट नेपाली त्यस सपनासँग भिजेको जपना–

'मैले यो कुनै अल्छी सपना देखेको होइन !
त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिने छैनौ'

'त्यो आउँछ कि आमा !
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै
त्यो आउने आशाले मेरो हृदयलाई
कुत्कुत्याइ सक्यो आमा !
हो, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ
अब म उठेँ गएँ ।'

'बिपनाको हराएको मणि नै सपना न हो' भन्ने तिमीले नेपाल आमाको सपना आफ्ना आँखाले देखेका थियौ र 'सपनामा' लेखेका थियौ । तर तिमीले आफ्नो खस कुरामा छनक मारेथ्यौ नि !–

'हाम्रो जुक्ति के ?
सकेसम्म छलफल
अनि छल'

आफैँले भनेझैँ गरी तिमीलाई आफ्नो सपनाले छलिदियो; आमाको सपनाले छलिदियो । अनि तिमी पनि त्यसै गरी छकियौ जसरी छकिन्छन्– यहाँका अधिकांश नरपुङ्गवहरू जीवनको अघिल्लो आधा स्वप्नको डोको बोकेर; पछिल्लो आधा थोत्रो डोकामा आँसु पोखेर । त्यही स्वप्नभङ्गको रन्कोमा तिमीले पनि आफूले आफैँसँग सोध्यौ– 'तिमी को ?'

'यहाँ हामीलाई यो अलमल नै प्रिय छ
यो धरमर नै प्रिय छ
तर, हामी त्यसोलाई त्यसो भन्न चाहँदैनौँ
त्यसो भन्ने तिमी को ?'

साँच्चै 'त्यसोलाई त्यसो भन्न नचाहने' रिमाल र त्यसोलाई त्यसै भन्ने रिमालको अन्तर्द्वन्द्व नै 'बहुला रिमाल' त होइन ? कुन्नि त्यो त तिमी नै जाने ! मैले जानेको यत्ति हो– तिमीले जङ्गिँदा पनि नेपालभक्ति बिर्सेनौ; तिम्रो कवि व्यङ्गिँदा पनि यसको उन्नति बिर्सेन ।

'तिमी को ?'– तिम्रो सफल व्यङ्ग्यकविता हो । नेपालीका सरदर स्वभावहरू सँगेटेर तिमीले साँच्चै बिभ्दो गरी छनक मारेका छौ–

'यहाँ हामीलाई आफ्नो अशक्यता नै प्रिय छ
त्यसलाई छोप्ने अहङ्कार नै प्रिय छ !
त्यो उदाङ्ग पार्न खोज्ने तिमी को ?'

अर्को शब्दमा, जस्तो छ त्यस्तैमा झिँगाझैँ टाँस्सिरहन चाहने अनेकन् हामी रिमालहरूले कस्तो हुनुपर्छका सचेतक कवि रिमालसित गरेको प्रश्न हो– 'तिमी को ?'

'हामीलाई हाम्रो आलस्य नै प्रिय छ
दुर्गति नै प्रिय छ
यो पसारो नै प्रिय छ
उठाउन चाहने तिमी को ?'

स्वप्नभङ्गको झोकमा जङ्गिँदाजङ्गिँदै व्यङ्गिएको यस कविताले 'तिमी को ?' को जबाफ 'व्यङ्ग्यकवि' भनेर दिऊँ कि भनेझैँ पार्छ ।

वीरतामा नाम कमाएको नेपाली र अशक्यतालाई नै प्रिय ठान्ने नेपालीका बीचको विरोधाभास, आफ्ना दुर्गति र अवनतिको वास्तै नगरी अरूको निम्ति 'जित' लिइदिन जाने लाहुरे नेपाली जीवनको विसङ्गति; अशक्यतालाई शक्ति

आर्जनबाट होइन, अहङ्कार प्रदर्शनबाट छोप्न चाहने विडम्बना, पराईसँग दाह्रा डिच्च्याएर क्रान्तिको भ्रान्ति उधारो माग्ने विकृति इत्यादि यस कवितामा चित्रित छन् । आत्मविश्वास, आत्मबल, जाँगर, सुधार र सच्चा अर्थको वीरताका आकाङ्क्षाहरू यस कवितामा व्यञ्जित छन् । 'यहाँ शृङ्खला ल्याउन खोज्ने तिमी को ?' भनेर नेपाली जीवनमा बढ्दो विसङ्गतिलाई सहज संवेद्य व्यङ्ग्यवाणले उधिन्ने यस कविताले कविमा निहित व्यङ्ग्यकलाको छनक मात्र राम्ररी दिएको छैन, साथै नेपाली व्यङ्ग्यकाव्यमा पनि एउटा चिल्लो पात थपेको छ ।

'तिमी को ?' का कविले हानेका व्यङ्ग्यवाणहरू नदुखाउने तर पेटका कीरा मार्ने गरी लाग्छन् । उदाहरणको निम्ति आसामतिर गएको बेला त्यहाँ पशुपालन व्यवसाय गरी बसेका नेपालीहरूलाई उनी सोध्छन्–

'नेपाली, तिमी यहाँ किन आयौ ?
गोरखाली हौ
गो–रक्षाको भार लिई
बढ्दै बढ्दै आयौ ?–'

शब्द र अर्थ दुवैको संयुक्त वैचित्र्यसाथ व्यक्त यी पङ्क्तिले व्यङ्ग्यसहित हास्यको पनि सिर्जना गर्छन् । शब्दवैचित्र्य मात्रै त अन्त पनि पाइन्छ–

'संक्रान्ति र महीनौं महीनौं भइरहेछ
मलाई त क्रान्तिसित खेल्ने बानी छ'

मसान नाटकद्वारा कामुक प्रेमलाई र **यो प्रेम** ! नाटकद्वारा भावुक प्रेमलाई व्यङ्ग्य गर्ने 'तिमी को ?' का तिमीले दुवै नाटकमा यस्ता उक्तिवैचित्र्य र ठट्टाहरू बराबर गरेका छौ । कतिपय प्रसङ्गमा तिमीले उपमाबाटै आफ्नो ठूलो काम सकेका छौ–

'रात अज्ञान झैँ अँध्यारो थियो
स्वार्थ जस्तै चीसो बतासको हुरी थियो
अहङ्कार झैँ मेघ गर्जिरहेको थियो ।'

यहाँ तिमीले अज्ञान, दुर्बलता, स्वार्थ, अहङ्कार र सङ्कीर्ण पाशविकताको धज्जी उडाएका छौ । यिनै गज्याङगुजुङबाट उन्मुक्त मान्छे नै सायद 'तिमी को ?' को 'तिमी' हो र तिमीद्वारा आहुत, आवाहित र आग्रहित मान्छे पनि उही हो । कसो ?

('नौलो नेपाली' रिमालविशेषाङ्क, ०३२ बाट)

खरदारबाजे र इतिहासको ठेली

काठमाडौँमा आयोजित कतिपय सभा-गोष्ठीहरूमा प्रायः एउटा केटाको कुमलाई समाउँदै भित्र पस्ने एक जना लामो कोट लगाएका वयोवृद्ध व्यक्तिलाई देख्ता हम्मेसि कुनै पनि नचिनेको मान्छेले अनुमान गर्न सक्तैन– त्यस चक्षुहीन व्यक्तित्वभित्र एउटा यस्तो दिव्यचक्षु पनि छ, जसको अघिल्तिर नेपालको लामोलामो अतीत चलचित्रझैँ छर्लङ्ग-छर्लङ्ग भई नाचिरहेको हुन्छ । बूढा-पुरानाहरू उहाँलाई 'खरदारबाजे' भनी सम्बोधन गर्दछन् । तर १९६७ सालमा खरदारमा नियुक्त भएर (उहाँकै भनाइअनुसार चुक्लीचाकरी नगरेबापत) तीन जुगको सेवामा पनि खरदारभन्दा माथि उक्लन नसकी खरदारैबाट साठीवर्षे लागेका 'खरदारबाजे' को व्यक्तित्वको मूल्याङ्कन खरदारत्वले मात्र गर्न खोज्नु महाकवि देवकोटालाई 'मास्टरबाजे' भन्नुजस्तै हो । नेपाल आमाका केही साधनाशील छोराहरूको गणनामा नहिचकिचाईकन नाम लिन सकिने ती खरदारबाजेको वास्तविक व्यक्तित्व संवत् १९७६ सालदेखि निरवच्छिन्न रूपमा उहाँले गर्दै आउनुभएको ऐतिहासिक अन्वेषण, अनुसन्धान र तत्सम्बन्धी अनेकन् लेखमाला पढेर मात्र राम्ररी चिन्न सकिन्छ । तर जहानियाँ तन्त्रको रजाइँ छउन्जेल अरू साधनाशील प्रतिभाहरूझैँ खरदारबाजेभित्रको इतिहासकार पनि कौडीको भाउमा मिल्किएको मणिजस्तै हुनु अस्वाभाविक थिएन । त्यसैले कसैलाई चिन्ने र चिनाउने जरुरत त्यस वेला कसले सम्झन्थ्यो र ? तर एक दिन यहाँ पनि प्रजातन्त्रको घाम लाग्यो, प्रतिभा र साधना छ भने भाइभारदारले मात्र होइन साधारण प्रजाका छोराहरूले पनि सम्मानको सौभाग्य पाउन थाले । यही क्रममा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट लेखनाथज्यूलाई कविशिरोमणिको उपाधि बक्स्यो भने हाम्रा खरदारबाजेलाई पनि उहाँको ज्ञान र देनअनुकूल इतिहास-

शिरोमणिको उपाधिले विभूषित गरिबक्स्यो, तर सफलताको यो स्याबासी पाउनुभन्दा एक वर्षअघि नै निरन्तर शिलापत्र र सन्धिपत्रका अक्षर कोट्ट्याउँदा-कोट्ट्याउँदै उहाँले आफ्नो आँखाको ज्योति गुमाइसक्नुभएको थियो । उहाँकै भनाइअनुसार १९९९ सालदेखि कमजोर हुँदै गएको उहाँको आँखाको ज्योति २००७ सालदेखि निस्पट्टै भयो । पहिल्यैदेखिको विलक्षण स्मरणशक्तिमा मानौँ दृश्यशक्ति पनि गएर गाभियो । सायद यसैले होला हामी उमेरदारहरूलाई तीन दिनको घटना राम्ररी सम्झन धौधौ पर्दछ, तर उहाँ सयौँ वर्षका घटनाक्रम, तिथि, तथ्य र तथ्याङ्कसहित बेलीबिस्तार लगाउनुहुन्छ । अब पाठक स्वयं चिन्नुहुन्छ– यही निरवच्छिन्न अनुसन्धान, असाधारण स्मरणशक्ति र अगाध ऐतिहासिक ज्ञानले खारेको प्राचीन आचार्यलाई बिर्साउने यी इतिहासाचार्यको नाम हो– बाबुराम आचार्य ।

यो हाम्रो अत्युक्ति होइन, हामीले भन्दा राम्ररी उहाँलाई विदेशका पारखीहरूले चिनेका छन् । उदाहरणका लागि ५ फरवरी १९६१ को 'दि इल्युस्ट्रेड विक्ली अफ इन्डिया' मा एस. के. अग्रवालले लेखेका केही पङ्क्तिहरू यहाँ उद्धरण गर्नु अप्रासङ्गिक नहोला । उनी लेख्छन्–

'विगत १० वर्षदेखि नेत्र बन्द भएका आचार्यज्यूमा हाल ७२ वर्षको उमेरमा पनि हिन्दू आचार्यहरूको सही परम्पराअनुकूल एउटा विलक्षण स्मरणशक्ति छ । काठमाडौँ उपत्यकास्थित झन्डै सबैजसो ऐतिहासिक सामग्रीहरूका शिलापत्रहरूको क्रमबद्ध ज्ञान हासिल गर्नुभएकाले आचार्यज्यू वास्तवमा नेपालको जीवित इतिहास हुनुहुन्छ ।' परिचयको अन्त्यमा फेरि उनी लेख्छन्–

'बाबुराम आचार्यज्यूमा नेपालले आफ्नो इतिहासका हरेक पक्षको एक जीवित ज्ञानकोष पाएको छ । उहाँ इतिहासलाई केवल राजनीतिक तिथि र घटनाहरूको फेहरिस्तको रूपमा मात्र नमानी यसलाई मुलुकको सांस्कृतिक र आर्थिक विकासको अभिलेखको रूपमा लिनुहुन्छ ।'

यसबाट पनि बाबुराम आचार्य को हुन् र उनीभित्रको इतिहासशिरोमणि कति तेजिलो छ, त्यो स्पष्ट हुन्छ ।

चिनारी र भेटवार्ताको क्रममा गोरखापत्रका तर्फबाट हालै हामी उहाँसँग भेट्न गएका थियौँ । राष्ट्रिय इतिहासको अनुसन्धान र सुधार गर्ने उद्देश्यले उहाँ अचेल प्रमोदशमशेरज्यूको निवासस्थानमा आफ्नो अनुसन्धानकक्ष खोलेर

बस्नुभएको छ। उहाँको हेरविचार र आवश्यक सुविधाको प्रबन्ध सायद प्रमोदज्यूले नै गर्नुभएको छ।

पुस्तक-पत्रिका, शिलापत्र र ताम्रपत्रका प्रतिलिपि एवं टिपोटटिप्पणीका मुठामुठीहरूको अस्तव्यस्त एउटा सानो कोठामा आफ्नो सहायक (बद्रीप्रसाद ढुङ्गाना) लाई लिएर कार्यव्यस्त आचार्यज्यू गोरखापत्रका सम्पादक गोपालप्रसाद भट्टराईको आवाज सुन्नेबित्तिकै भट्टराईज्यूका पुर्खाहरूको नालीबेली लगाउँदै बाहिर निस्कनुभयो।

एक जुग पचाएर पाकेको दाह्री, सङ्कटविकटका सानाठूला दावानलमा खली खाएर खारिएको अनुहार, एक-दुइटा मात्र अगाडि बाँकी देखिने दाँत, टाउकोमा ख्यास्स्याक्क एउटा टोपी, कानमा घरेलुको एउटा गलेबन्द। हामी उहाँको जीवनी कोट्याउन थाल्यौं– गौचरनिवासी पं. धर्मदत्तका छोरा बाबुराम आचार्यको जन्म संवत् १९४४ चैतमा भएको थियो। काठमाडौं र काशीका सुप्रसिद्ध विद्वान्हरूसँग उहाँले गणित, धर्मशास्त्र र व्याकरणको अध्ययन गर्नुको साथै आफ्नै परिश्रमबाट अङ्ग्रेजी भाषाको अध्ययन गर्नुभयो।

"त, गणित र व्याकरणका विद्यार्थीको जिज्ञासा कसरी, कहिलेदेखि इतिहासतिर मोडियो त ?" हाम्रो यस प्रश्नको उत्तरमा उहाँले १९७६ सालको एउटा निजी घटना बताउँदै भन्नुभयो– "हिउँदको बेला थियो, पिताजी स्वर्ग हुनुभएकाले अस्थि सेलाउन बनारसतिर जाँदा एक दिन आरामा बस्नुपर्‍यो। कताकताबाट त्यहीँ एउटा 'प्राचीन लेखमाला' भन्ने पुस्तक पाएँ, समय कटाउन पढ्दापढ्दै जयदेवको शिलालेख पनि त्यहाँ उद्धृत रहेछ। त्यो पढ्दा हाम्रो देशमा पनि यस्ता राजा रहेछन् ए ! भनेजस्तो लागेर किताब लिन खोजें, तर पाइनँ। बनारस पुगेपछि देवीप्रसाद सापकोटाको सल्लाहले नागरी प्रचारिणी सभामा गएर अरू ऐतिहासिक पुस्तक पनि पढ्न थालें। केही पुस्तक किनेर ल्याएँ। अनि सिम्भू, चाँगु इत्यादि एकान्तस्थलमा गएर स्वान्तसुखाय तिनै इतिहाससम्बन्धी पुस्तकहरू पढ्दापढ्दै यस विषयप्रति गहिरो जिज्ञासा बढ्दै गयो।" विषयप्रवेशको यो सामान्य सन्दर्भ बताउनुको साथै पुरातात्त्विक अध्ययन गर्ने उद्देश्यले मनकामना जाने भनी चन्द्रशमशेरसँग सोधेर गोरखा जाँदा त्यहाँको कुनै एउटा घरमा एक हाँडी पुराना सिक्का फेला पारेको कुरा पनि उहाँले सुनाउनुभयो। त्यो बेहोरा चन्द्रशमशेरलाई दिएपछि त्यो सिक्कावाल हाँडी नै काठमाडौं झिकाइएको कथा निकै रोचक थियो। प्रधानमन्त्री

भीमशमशेरको पालादेखि बाबुराम आचार्यलाई ऐतिहासिक अनुसन्धान गर्न बाधैबाधादेखि सुविधा केही मिलेन । कुनै ऐतिहासिक पुस्तकको संशोधन गर्ने सन्दर्भमा हनुमान्ढोकामा अध्ययन गर्न जान पनि बल्लबल्ल उहाँले अनुमति पाउनुभयो । कैयौं पटक उहाँको पछाडि केके न गर्न लागेको भनी सी.आई.डी. पनि छोडिए ।

विदेशमा नेपालको पहिलो नक्सा छापियो, तर आफूले झिकाउँदा त्यो पनि रोकियो । पछि फेरि झिकाउनुभयो– जुन नक्सामा सगरमाथाको नाम एभरेस्ट या झ्यामोलङमा भनी उल्लेख गरिएको थियो । यसमा नेपाली नाम किन नरहेको भनी आवाज उठाएर पहिलो लेख उहाँले लेख्नुभयो, तर त्यसैमा पनि निकै छेड्छाड र गाली खानुभयो । राणाकालीन नेपालमा जुनसुकै कुरामा पनि जिज्ञासा राख्नु नै अभिशाप भोग्नुजस्तै थियो– त्यसैले उहाँलाई बेलाबेला गम्भीर समस्या पर्दथे, तर कतै कुरा लटपटचाएर, कतै चुपो लागेर अनि कतै गाली नै खाएर पनि उहाँले आफ्नो साधना छोड्नुभएन । तत्कालीन विद्वान् वीरेन्द्रकेशरीकहाँ प्रशस्त पुस्तक थिए, इतिहाससम्बन्धी प्रायः प्रत्येक पुस्तक उहाँले पढ्नुभयो । वीरेन्द्रकेशरीकै घरमा बसेर पनि पढ्नुभयो । पछि पुस्तक पढ्ने लोभमा माहिला गुरुज्यूकहाँ असिस्टेन्टको काम गर्न पनि उहाँ कसिनुभयो । गुरुज्यूको पुस्तकालयमा मुद्रित मात्र होइन, अमुद्रित पुराना पुस्तकहरू पनि थुप्रै थिए । त्यहीँ गोपालराजवंशावली पनि पढेको, अनि त्यसमा वर्णित नेपालमा मुसलमानहरूको आक्रमणबारे खुलदुली लिँदालिँदै एक दिन स्वयम्भूको शिलालेखबाट सो पत्ता लगाई तत्सम्बन्धी लेख **शारदा**मा छपाउन खोज्दा नपाएको, तर पछि सोही कुरा जायसवालले थाहा पाएर उतै छपाएको इत्यादि लामोलामो वृत्तान्त आचार्यज्यूले हामीलाई सुनाउनुभयो । उहाँका संस्मरणका टुक्राहरू धेरै छन् जसबारे उहाँ भन्नुहुन्छ– "न यो सब सुनाउन भ्याउँछु, न तपाईंहरू सुनिरहन सक्नुहुन्छ ।"

यसैबीच उहाँले आफ्नो व्यक्तिगत जीवनका केही तीतामीठा घटना पनि प्रसङ्गवश सुनाउनुहुन्थ्यो । जस्तै, उहाँ ६७ सालमा लगत अड्डाको खरदार हुनुभएको थियो । ७६ सालमा टी.बी. को शङ्काले उहाँलाई सस्पेन्ड गरियो, तर टी.बी. नभएकाले एक वर्षपछि फेरि काममा लाग्नुभयो । "तपाईंजस्तो प्रतिभाशाली मान्छे खरदारबाट माथि चढ्न नसक्नुमा कुनै कारण छ कि ?" भन्ने हाम्रो प्रश्नको उत्तरमा आचार्यले भन्नुभयो– "चुक्लीचाकरी गर्न नसक्नु

नै प्रमुख कारण थियो ।" साथै उहाँले यो पनि भन्नुभयो– "हुन त चन्द्रशमशेरले एक पटक कैलाली कन्चनपुरमा बडाहाकिम बनाइदिन्छु, जान्छौ ? भनेका थिए, तर त्यता गएपछि ऐतिहासिक अध्ययन र अनुसन्धानको क्रम टुट्ने भएकाले जान्छु भनिनँ ।"

"हालै प्रकाशित **नेपालको संक्षिप्त वृत्तान्त** भन्ने तपाईंको पुस्तकमा जनरल भीमसेन थापाप्रति अन्याय भएको छ भनी व्यापक गुनासो छ; कसैकसैले आवाज पनि उठाएका छन्, भीमसेन थापाप्रति तपाईंको धारणा किन यस्तो भयो ?" हाम्रो यो प्रश्न सुन्नेबित्तिकै मुसुक्क हाँस्तै आचार्यज्यूले आफ्नो कोटको भित्री बगलीबाट चिनाभैँ बेरिएको एउटा लामो पत्र निकाल्दै भन्नुभयो– "ल: यो पढेर सुनाउनुहोस् त ?" त्यो रहेछ लन्डनस्थित इन्डिया अफिस लाइब्रेरीमा भेट्टाएर ल्याइएको एउटा अर्जीपत्रको फोटो-प्रतिलिपि । आचार्यज्यूको अनुसन्धानबाट पत्ता लागेअनुसार यो संवत् १८८९ मा नुवाकोटमा एक धामीले श्री ५ राजेन्द्रलाई भीमसेन थापाका पालाका केही घटनाहरूको प्रत्यक्ष वर्णन गरी लेखेको थियो ।

त्यस बेला भएका जालझेल, छलकपट र हत्याकाण्डहरूको वर्णन धामीले यस्तरी गरेको रहेछ कि सुन्दै जाँदा कतिपय ठाउँमा झस्याङ्ग पारी रौं ठडयाइदिन्छ । अन्त्यका केही टुक्रा यहाँ टिप्नु अप्रासङ्गिक नहोला । स्वामीमहाराज (रणबहादुर) ले 'मलाई कांशीमहाँ धपाउनाकन दरबारको ढुकुटी फोरी रूपियाँ झिकी किन खर्च गऱ्यौ ?' भनी सजाय दिन खोज्दा त्रिभुवनकाजीले मलाई झिकाउँदा सबै भारदार राखी कचहरी गराऊ, पेटका कुरा सबै खोली बिन्ती गरूँला भनेको, त्यसपछि एउटा कचहरी भएको, त्यहाँ शेरबहादुरले स्वामी महाराजको पेटमा तरवार हानेको, काटाकाट चलेको, बत्ती निभेको इत्यादि लामो घटनाक्रमका वर्णन गरेपछि उक्त पत्रमा धामीले भनेको छ– 'स्वामीलाई पशुपति पठाए, फेरि हजूरकहाँ बसी चौतारा विदूरसाहीलाई घरमा बाँध्न पठाए, भण्डारखाल महाँ पाल्पाली राजा, काजी केटाहरू सबै बाँध्न पठाए । पाल्पाली राजा, काजीविदूरसाही, त्रिभुवन, नरसिंह यति जनालाई भण्डारखालमा काट्न पठाए । अरूलाई काटीदे भन्दा कोही अघि सरेन, विराज विष्ट अर्दली थिए, उ अघि सरी राजाकाजीलाई काटी दिए । उही गुनले विराज विष्टलाई लप्टेनी दिराखेका छन् जर्णेलबाट ।'

"उप्रान्त भोलिबेर शेरबहादुरका, बिदूरसाहीका, त्रिभुवनका, नरसिंहका केटाकेटी सबै समाउन पठाएर उपल्लो १५ वर्षका, तल्लो दुई वर्षका छोरा सबै काटी दिए । बिस्नुमतीमहांलगी स्वास्नीहरू, छोराहरू कमारीहरू सबै उठाइदिए । सबैका घरखेत सर्वस्व लिए । पाल्पाली राजाका केटाहरू १८ जना शहरभित्रका बारीमहा काटिदिए...' जर्णेलबाट कामकाज गर्न लाग्यादेखि निसाप केही छैन, रूपियाँ मात्र धेरै लिन्छन् । घूस पनि धेरै खान लागे । अघि घूस खाने दस्तूर थिएन । अचेल सबै भारदारहरू घूस खान लागी रह्या छन् ।"

......'पुराना भारदार भए जर्णेल बाँच्न कहाँ पाउँथे ? मारिदिन्थे । आजकालका भारदार सबै जर्णेलले बनाएका सबै केटाकेटी भारदार छन् । बुद्धि कसैको छैन, नेपाल खानु सहजै छ ।'

धामीको लामो चिठी सुनिसकेपछि हामीले सोध्यौं– "यो धामी जनरल थापादेखि असन्तुष्ट रहेको हुन सक्तछ, व्यक्तिगत असन्तुष्टि वा रिसको कारण भए-नभएका चुक्ली राजालाई सुनाई प्रतिशोध लिने भावनाले यो लेखिएको पनि हुन सक्तछ; यसैको भरमा भीमसेन थापालाई अत्याचारी भन्न सकिएला र ?" आचार्यज्यू गर्जनुभयो– "यसको आधारमा मात्रै भीमसेन थापाप्रति मेरो दृष्टि बिग्रिएको होइन, यो पाउनुभन्दा अघि पनि मैले भीमसेन थापालाई गनेको थिइनँ, आखिर उसको देनै पो के छ र ? धामीले पक्षपात गरेको भए लः एउटा तत्कालीन कविको कविता सुन्नुहोस्" उहाँले राहुल सांकृत्यायनको **हिमालय दर्शन** भन्ने पुस्तक मगाएर फलानो पातामा हेर भन्नुभयो, त्यहाँ एक जना सायद गढवालका कवि भोलारामका केही दोहाहरू उद्धृत गरिएका रहेछन्, जसमा भीमसेन थापाकालीन नेपालको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाका एक पतनोन्मुख झलक दिइएको छ । एसियामा बढ्दो साम्राज्यवादी शक्तिदेखि नेपालीलाई बिटुलिन नदिने र उपनिवेशवादविरुद्ध एसियाली एकताको आह्वान गर्ने भनिएका भीमसेन थापालाई उनका उल्लेखनीय देन के छ र भनी होच्याउनु युक्तिसङ्गत होला र ? हाम्रो यस प्रश्नको जबाफ आचार्यज्यूले भीमसेन थापाको पालाको दरबारी षड्यन्त्र, आन्तरिक हत्या-अपहत्याहरू, देशका केही भाग टुक्रिएका घटनाहरू र साम्राज्यवादविरोधी भन्दाभन्दै कसरी साम्राज्यवादीसित हात मिलाएर नेपालमा ब्रिटिस फौज पसाए इत्यादिको लम्बे विवेचना गर्दै भन्नुभयो– "साम्राज्यवाददेखि देशलाई जोगाउनेकै जस दिने हो भने भीमसेन थापाको भन्दा बढी जस जङ्गबहादुरलाई

दिनुपर्दछ ।" इतिहासशिरोमणिसित इतिहासमै शास्त्रार्थ गर्न न हाम्रा सामान्य ज्ञानले भ्याउँथ्यो, न शास्त्रार्थ गर्ने हाम्रो उद्देश्य थियो । हामी त उहाँको सामान्य धारणा मात्र बुझ्न चाहन्थ्यौँ । सबुत प्रमाणसाथ उहाँसित छलफल गरी भीमसेन थापाप्रतिको सामान्य धारणा धेरै मात्रामा अन्धविश्वासजनित हो वा उहाँले थापामाथि अन्याय गर्नुभएको हो, त्यो निर्णय गर्ने जिम्मा इतिहासज्ञहरूकै जिम्मा छ । हामीले उहाँसँग सोध्यौँ– "त्यसो भए भारतमा विभिन्न विदेशी शक्तिहरूले पटकपटक आक्रमण र रजाइँ गर्दा नेपालले आफ्नो सार्वभौमिक स्वतन्त्रता जोगाइराख्नुमा हाम्रो प्रमुख बल के थियो त ?" यसमा "पृथ्वीनारायणको हातबाहेक कुनै व्यक्तिको केही देन थिएन" भन्दै, उहाँले भन्नुभयो– "यो जोगिनुमा एउटा हाम्रो दुर्गम भौगोलिक स्थिति र दोस्रो चीन र भारतको माझमा रहनु नै हाम्रो प्रमुख बल थियो । यसमा भीमसेन थापा वा अरू कुनै पनि व्यक्तिको देन छैन ।"

"त तपाईं नेपालको इतिहासमा स्वर्णिमकाल कुन समयलाई मान्नुहुन्छ ?" उहाँले पृथ्वीनारायण शाहदेखि बहादुर शाहसम्मको ५० वर्षको विवेचना गर्दै सङ्गठन, सुदृढीकरण र निर्माण सबै दृष्टिबाट त्यस बेला जेजति भयो त्यति फेरि कहिल्यै हुन सकेन भनी राष्ट्रिय इतिहासको स्वर्णिमकाल त्यही ५० वर्ष हो भनी किटनुभयो ।

"अहिलेसम्म लेखिएका इतिहास प्रायः राजनीतिक दृष्टिकोणले मात्र लेखिएका छन्, यहाँको सामाजिक र आर्थिक इतिहासतिर ध्यान दिने हो भने हाम्रो इतिहास अधुरो हुनेछ । त्यसैले बाँचुन्जेल आफूले सक्तो सेवा सत्यको अन्वेषणतिर र राष्ट्रिय इतिहासतिर समर्पण गर्ने मैले सङ्कल्प गरेको छु, तर भूमिसुधार गर्न जेजति समस्या परेको छ, त्यसभन्दा बढी इतिहास सुधार गर्ने क्रममा हामीले झेल्नुपरेको छ" भनी उहाँ भन्दै हुनुहुन्थ्यो ।

सायद यही क्रममा निस्केको **नेपालको संक्षिप्त वृत्तान्त,** (**खण्ड** १) उहाँको इतिहास संवत्को पहिलो पुस्तकाकार कृति हो । यहाँ भने पहिले पुस्तकाकारमा उहाँका दुई कृति प्रकाशित छन्– **पुराना कवि र कविता** अनि **तुलनात्मक सुन्दरकाण्ड** । **नेपालको संक्षिप्त वृत्तान्त**मा धेरै तिथिमिति फरक परेको छ भनी हालै **पूर्णिमा**मा नयराज पन्तले लेख्नुभएको एक चिठीतिर हामीले ध्यान आकर्षित गराउँदा इतिहासशिरोमणिज्यूले भन्नुभयो– "पृथ्वीनारायण शाहको निधन भएको मितिमा एक दिन फरक पर्छ, त्यो मेरो

भूलै हो, तर नयराजजीले भन्नुभएका अरू दुई मितिमा सायद उहाँ नै भूलमा हुनुहुन्छ ।" यसै प्रसङ्गमा आफ्नो पुस्तकमा इस्वी संवत् प्रयोग गर्नुको कारण विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी-विदेशी सबैलाई सजिलो होस् भन्ने हो भनी बताउनुभयो ।

अनि हाम्रो एक प्रश्नको उत्तरमा जहानियाँ तन्त्रको लामो अवधि स्वयं देखीभोगी आउनुभएका इतिहासशिरोमणिज्यूले २००७ सालको क्रान्तिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै दृष्टिले अनिवार्य आवश्यक विषय थियो भन्नुभयो । उहाँको विचारअनुसार परिवर्तित विश्वसमस्या बुझ्न नसक्नु नै राणाहरूको पतनको कारण थियो । यसै सन्दर्भमा उहाँले २००७ देखि २०१७ सालसम्मको दलगत राजनीतिको विवेचना गर्दै कुनै पनि दलले व्यापक जनविश्वास कमाउनुको सट्टा सीमित स्वार्थसाधनामा आफूलाई समर्पित गरेकाले दलगत राजनीति सफल हुन सकेन भन्नुभयो । उहाँको अनुभवअनुसार नेपाली जनताले राजासिवाय अरूलाई चिनेको छैन । युगअनुसार बदलिँदा सामाजिक मान्यताहरूको अनुरूप हाम्रा प्राचीन नियमकानुनका कैयौं धाराहरू निष्क्रिय र अमिल्दा भइसकेकाले र बेलाबेलामा गर्न खोजे तापनि कसैले हाम्रो अर्थव्यवस्थामा सुधार ल्याउन नसकेकाले दह्रो रूपमा सामाजिक र आर्थिक सुधार हुनु आवश्यक थियो, जो मुलुकी ऐन र भूमिसुधारजस्ता अभियानबाट भइरहेको छ भन्दै आचार्यज्यूले इतिहासले लिएको यो मोडदेखि आफ्नो सन्तोष व्यक्त गर्नुभयो । तर उहाँले शिक्षा, साहित्य र संस्कृतिमा अझै हामीले आफ्नोपन बिर्सँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । आजको नेपाली साहित्यले व्यापक नेपालको प्रतिनिधित्व गर्न सकेको छैन भन्नुहुँदै श्री आचार्यले क्रमश: यी सबै क्षेत्रमा प्रगति हुँदै जाने आशा व्यक्त गर्नुभयो । साहित्यिक, सांस्कृतिक र सामाजिक एवं आर्थिक इतिहासको गति राम्रो हुनु नै राष्ट्रिय इतिहासको गति सङ्लिनु हो– उहाँको मत पनि यस्तै छ ।

दुई घण्टाजतिको भेटवार्तापछि हामीलाई लाग्यो इतिहासशिरोमणिज्यूका साथ धेरैबेर बसे धेरै अनुभव र अनुसन्धानजनित ज्ञान हासिल गर्न सकिन्छ, मानौं उहाँ स्वयं इतिहासको एउटा जीवित ठेली हुनुहुन्छ, जुन ठेली जति पल्टाए पनि पढ्न बाँकीको बाँकी नै रहेजस्तो लाग्छ । हाम्रा पनि कति कुरा सोध्न बाँकी नै थिए, तर यो दिन समय बाँकी रहेन ।

(०२३ भदौ १८ गतेको 'गोरखापत्र' बाट)

सम्पादक प्रेमराज शर्मा

"उ: सम्पादक भन्या' तिनै हुन्" –एक जना खद्दरधारी तेजिला व्यक्तिलाई औंल्याउदै एक जनाले मलाइ टाढैबाट देखाइदिएका थिए। तिनताकसम्म नेपालमा धेरै जना सम्पादक भइसकेका थिए तापनि सम्पादक भनेर चिनिने-बुझिने गरेका खास व्यक्ति उनै थिए– प्रेमराज शर्मा। संवत् १९८९ सालदेखि **गोरखापत्र**का सम्पादक भइ काम गर्दै आएका प्रेमराज शर्मा नै धेरै पछिसम्म सम्पादकको एक मात्र पर्यायवाची हुनु अखबारको नाममा २००७ सालसम्म **गोरखापत्र** मात्र भएको नेपालमा अस्वाभाविक थिएन। पत्रपत्रिका छ्यासछ्यासती भइसकेपछि पनि बूढापाकाहरूको मण्डलीमा प्रेमराज शर्मा आफ्ना नामले भन्दा 'सम्पादक बाजे' कै नामले बढी छिटो चिनिन्थे, बुझिन्थे।

संवत् १९८९ देखि २०१९ सम्म झन्डै ३० वर्ष **गोरखापत्र**को सम्पादन सेवा (केही समयको मेनेजरीबाहेक) मै बिताउने ती नेपाली 'सम्पादक बाजे' सँग यी पङ्क्तिका लेखकले धेरै काम गर्ने सौभाग्य पाएन तापनि एक वर्षजति एउटै हाजिर कापीमा हाजिर गर्न र नौ-दस वर्षजति उनका लेखहरू पढ्न-छाप्न पाएकैमा पनि गर्व लाग्छ। संवत् २०१७ साल फागुन ७ गतेदेखि **गोरखापत्र** दैनिक भएपछि प्रेमराज शर्मालाई सम्पादक मण्डलमा जिम्मेदारीभन्दा बढी सम्मान दिइराखिएको थियो। उमेरको हद लागी २०१९ सालमा उनले **गोरखापत्र**बाट अवकाश पाए तर **गोरखापत्र**ले भने उनबाट लेखकको रूपमा सेवा-सहयोग उनको जीवन छउन्जेल पाउँदै रह्यो।

स्वस्थ, सुडौल शरीर, रातोपिरो अनुहार, खरो स्वभाव र विनयशील आत्माभिमान प्रेमराज शर्माका व्यक्तित्वका विशेषता थिए। अफिसभित्र उनको अनुपस्थितिमा कसैले 'नपर्सी', कसैले 'दुर्वासा' र धेरैले 'बाजे' भनेको मैले सुनेको छु। वास्तवमा यी तीनै थरी विशेषणको समष्टिमा एउटा जन

व्यक्तित्व बुझिन सक्थ्यो– त्यो प्रेमराजको व्यक्तित्व थियो । नेपालको धर्म-संस्कृति, इतिहास-परम्परा, राजनीति-प्रशासन, आर्थिक-प्राविधिक, शक्ति-सामर्थ्यदेखि लिएर छिमेकी राष्ट्र र अन्तर्राष्ट्रका गतिविधिमा श्री शर्माको राम्रो ज्ञान थियो भन्ने कुराकानीबाटै बुझिन्थ्यो । यिनका अतिरिक्त मूलतः उनी पण्डित थिए– धर्ममा कट्टरताका विरोधी, संस्कृतिमा युगीन सुधारका पक्षपाती र दार्शनिकतामा वेदान्तदर्शनकै विश्वासी । जटा, कमण्डलुधारी पिता पं. चिरञ्जीवी पौड्यालका पुत्र भएर हो वा आफ्नै अर्जित ज्ञानको प्रभावले हो प्रेमराज शर्मालाई केही समय तापसजीवनले पनि आकृष्ट गरेको थियो । तर एकातिर तपस्वीको अनुभव खोज्न हिँड्ने प्रेमराज शर्मा अर्कातिर व्यवहार निपुण र व्यावसायिक चाखका मान्छे पनि थिए । मौरीपालन विधि र होमियोप्याथीमा उनले लिएको अभिरुचि पनि यसका प्रमाण हुन् । व्यवहारपटु नहुँदा हुन् त राणाकालीन व्यवस्थादेखि पञ्चायती व्यवस्थासम्म ससम्मान आफ्नो दायित्व वहनमा सफलता प्राप्त गरिरहन उनलाई मुस्किलै पर्दो हो । सारांशमा भन्ने हो भने उनलाई स्वाभिमान, साधना र सावधानी तीनै गुणले खारेका मान्छे थिए भन्न सकिन्छ । कलममा मात्र होइन, जीवनका विविध पक्षमा उनलाई आफ्ना यिनै गुणहरूले उठाएका थिए भन्ने मलाई लाग्छ । उनीसँग लामो समयसम्म काम गर्ने सहयोगीहरूको अनुभव सुन्दा उनी राणाकालीन सङ्कीर्णताका बीच पनि निर्भीक, खरा, चङ्ख र मिहिनेती व्यक्ति थिए भन्ने बुझिन्छ । सम्पादक बाजेकै तालिममा परेर म यत्तिको भएको हुँ भन्ने सम्पादक एवं कर्मचारीहरू अझै गोरखापत्र संस्थानलगायत धेरैतिर छरिएका छन् । कति जना भन्छन्– सहयोगीहरूलाई जोगाउनुपरेको ठाउँमा टाउको थापी जोगाउने, बाटो छाडेमा दुर्वासाझैँ रिसले बौलाउने र सकेसम्म सबैमा दक्षता बढाउने सुविधा पुऱ्याउने उनको प्रवृत्ति थियो ।

"३० वर्षसम्म **गोरखापत्र**मा दिनहुँजस्तो केही न केही लेखियो, तर लेखियो गयो; देखिने कुरा त यिनै दुई-चारओटा पुस्तक नै भए"– कुराकुरैमा एक दिन उनले भनेका थिए । हुन पनि ३० वर्षसम्म प्रेमराज शर्माले के लेखेनन् ? सम्पादकीय, लेख, समाचार, चिठी इत्यादि अखबारका कुनै पनि विधाको माध्यम जुन बेला जेजस्तो लेख्नुपर्छ उनले लेखे । साहित्य लेखे, दर्शन लेखे, संस्कृति लेखे, राजनीति लेखे । राणाकालका वरिष्ठ बुद्धिजीवी भएकाले अखबारी लेखन र साहित्यिक लेखनजस्ता प्रकाशकीय लेखनबाहेक पनि उनले

थुप्रै आवेदन, प्रतिवेदन, जाहेरी, मस्यौदा, भाषण, इश्तिहार– कुन्नि केके पनि लेखे हुनन् । लेख्नुभन्दा बढी जाँचे, सच्याए, कतिलाई लेखक बनाए, कतिलाई पत्रकार बनाए । **गोरखापत्र**का कर्मचारीहरूलाई मात्र होइन र स्वयं **गोरखापत्र**लाई पनि उनले पटकपटक सङ्कटबाट उतारे । **गोरखापत्र**ले अर्धसाप्ताहिक र द्विदैनिक रूप उनकै सम्पादकत्वमा लिएको थियो । ९० सालको भुइँचालो, ९७ को शहीदपर्व, २००७ को जनक्रान्ति, २०१५ को आमचुनावजस्ता घटना **गोरखापत्र**का सम्पादकको निम्ति सजिला थिएनन्, जुन उनैका पालामा परेका थिए, त्यसैले **गोरखापत्र** भन्छ– '...... एक कठिन, कठोर र प्रतिकूल परिस्थितिमा पत्रकारको धर्म र दायित्वलाई असिधारमा अडेझैँ गरी उहाँले पूरा गर्नुभएको छ ।'

२०२८ सालमा प्रेमराज शर्माको निधन हुँदा **गोरखापत्र**ले उक्त उद्गारका साथ नेपाली पत्रकारिताका इतिहासको एक परिच्छेद पूरा भएको ठानेको थियो ।

नठानोस् पनि किन ? धेरै वर्षसम्म नेपालमा पत्रकारिताको शिक्षालय र प्रयोगालय दुवैको काम **गोरखापत्र**ले गरेको थियो, प्रशिक्षक र प्रयोक्ताका अग्रणी प्रेमराज रहेका थिए । कुनै विश्वविद्यालयबाट पत्रकारितामा दीक्षा नपाए पनि प्रेमराज गर्दै-सिक्तै पत्रकार बन्न र गराउँदै-सिकाउँदै पत्रकार बनाउन सफल व्यक्ति हुन् । तर **गोरखापत्र**ले प्रेमराजप्रति जतिसुकै निष्पक्ष शब्द प्रकट गरे पनि **गोरखापत्र**सितको उनको तीनपुस्ते संलग्नताले ममताको अत्युक्ति भनाइ दिन सक्छ । त्यसैले **गोरखापत्र**बाहेक अरू पत्रपत्रिकाले उनको निधनमा भनेका कुरा यहाँ कोट्याउनु आवश्यक छ । **गोरखापत्र**को भन्दा अत्यन्त बढी समादरसाथ 'आरती' साप्ताहिकले उनको दिवङ्गत आत्मालाई सम्बोधन गर्दै अत्यन्त मार्मिक सम्पादकीय लेखेको थियो । भनेको थियो– '......तिम्रो सालिक खडा हुनेछ, तिमीमाथि खोज र अनुसन्धान हुनेछ अनि तिमीलाई नेपाली इतिहासको पानामा सुनौला रूप दिइनेछ ।'

पत्रकारिताको पर्याप्त विकास भएपछि एक दिन त्यो दिन पनि आउन सक्ला; तर अहिले कमसेकम उनका देनहरूलाई सबैजसो अखबारले सम्पादकीय कालममा सम्झिदिए– यो नै ठूलो कुरा हो । साप्ताहिक 'समीक्षा' ले प्रेमराज र **गोरखापत्र**को तीनपुस्ते सम्बन्धको उल्लेख गर्दै उनको निधन नेपाली पत्रकारजगत्को निम्ति मात्र होइन नेपालका यावत् जनताको निम्ति शोकको

घटना हो भनेको थियो । उसको भनाइ थियो– '......सीमा व्यवधान र अवरोधहरू रहँदारहँदै पनि ती वर्षहरूले अँगालेका हरेक युगमा **गोरखापत्र**बाट जनताले केही न केही शिक्षा पाउन सके नै– प्रजातन्त्रपछि जन्मेका समाचारपत्रहरूलाई जनसाधारणले 'गोरखापत्र' भन्न सजिलो मान्नुमा त्यही शिक्षाप्रसारको प्रभाव थियो । यो श्रेयलाई अरूहरू धेरैमा पनि बाँड्न सकिएला तर भाग भने सबभन्दा बढी प्रेमराजकै ठहर्छ ।' सबै पत्रिकाका उद्गारहरूका खोजीमेली र उद्धरण न यहाँ सजिलो छ, न आवश्यक नै । प्रेमराज शर्माप्रति नेपाली पत्रकारजगत्मा रहेको सम्मान र उनको योगदानप्रति पत्रकारजगत्को कृतज्ञताको अभिव्यक्तिका यी केही नमुना हुन् र हुन् प्रेमराजको पत्रकारीय व्यक्तित्वका सार्वजनिक मूल्याङ्कनका केही सङ्केत ।

गोरखापत्रका 'सम्पादक बाजे' को सम्पादकीय व्यक्तित्वदेखि परिचित हुनुअघि उनका लेखकीय वा साहित्यिक व्यक्तित्वसित यी पङ्क्तिका लेखक बढी परिचित र प्रभावित थियो । कारण आफूलाई सुरुसुरुमा नेपाली पुस्तकको पठनपाठनतिर प्रवृत्त गराउने केही हँसिला पुस्तकहरूमा प्रेमराज शर्माको **ससुराली** पनि थियो । सनातन ग्रामीण नेपाली सभ्यता र आयातीत पश्चिमी सभ्यताको द्वन्द्वलाई परिहासपूर्ण शैलीमा चित्रण गरेर आत्मिक सुख र आध्यात्मिक शान्तिको लागि पूर्वीय चिन्तनबाहेक केही छैन भन्ने सन्देश यसमा छाडिएको छ । उनका अरू विशिष्ट आध्यात्मिक साहित्यिक कृति **तपस्वीको अनुभव** र **राष्ट्रिय रामायण** हुन् । यी कृतिहरूले प्रेमराज शर्माभित्रको चिन्तक, कवि र साधकको प्रस्ट परिचय दिन्छन् । यिनका अतिरिक्त 'माहुरी पालन' उनको व्यावसायिक अभिरुचिको परिचायक छ । **शारदा**का पुराना अङ्क र **गोरखापत्र**का अङ्कहरूमा छरिएका सयौँ रचनाहरूमा प्रेमराज शर्माको प्रतिभा कसरी छरिएको छ; चिन्तन कसरी भरिएको छ यो एउटा अनुसन्धानकै विषय हो ।

२०१९ को अवकाशप्राप्तिपछि उनले आफ्ना पुराना अनुभवदेखि निर्माण-सुधारका प्रसङ्गसम्म विभिन्न विषयमा धेरै लेख लेखे । **गोरखापत्र**का सम्पादक एवं सहयोगीहरूले कराईकराईकन पनि उनीसित धेरै पुराना कुराहरू लेखको रूपमा थुते । तर त्यो बुढेसकालमा पनि उनका लेखहरूमा निर्भीकता झल्कन्थ्यो ।

राणाकालीन सम्पादकीय कुर्सीमा बस्ता बाध्य-विवश भई भोगेका कतिपय तीता अनुभवलाई कटु शब्दमा उकेलेर अन्तिम अवस्थामा आफ्नो

अन्तरात्मा हलुका पार्न सायद उनी चाहन्थे । यी पङ्क्तिका लेखकले सम्झेसम्म उनको **गोरखापत्र**मा प्रकाशित अन्तिम लेख 'गोरखापत्रका जन्मदाताको दुर्गति र अपमान' भन्ने थियो । जुन २०२७ साल वैशाख २४ गते छापिएको थियो । उक्त लेखमा उनले देवशमशेरको शासनच्युतिपछिको दुर्गति देखाएका छन् । तर **गोरखापत्र**का संस्थापक देवशमशेरको अन्त्य दयनीय भए पनि **गोरखापत्र**का सम्पादक प्रेमराज शर्माको अन्त्य भने आत्मसन्तुष्टि र जनप्रतिष्ठापूर्ण नै रहेको प्रतीत हुन्छ ।

('गोरखापत्र' हीरकविशेषाङ्क, २०३३ वैशाख २४ गतेबाट)

शङ्कर दाइ र फ्रैङ्क क्यापरा

शङ्कर लामिछाने व्यक्तिगत रूपमा एक नेपाली उमरखैयाम हुन् । फरक यत्ति हो– उमरखैयामले रुबाईहरू लेखे, लामिछानेले रुवाइहरू बाँचे । रुवाइ शब्दलाई पनि उनको अन्तर र बाह्य जीवनमा सके बेग्लाबेग्लै अर्थमा लिन सकिएला । निकट सम्पर्कहरूको बयान सुन्दा शङ्कर लामिछानेमा बाल्जाकीय अंश पनि भएको बुझिन्छ । भन्छन्– उनलाई पैसाले कहिल्यै पनि पुग्दैनथ्यो । यसैले एकपछि अर्को गर्दै उनले धेरै कामधन्दा गरे । तर कामधन्दामा ठूलाठूला कुर्सी र आय पाउँदा पनि र काम नपाई रल्लिँदा पनि एकै प्रकारको मस्त, अध्ययनशील र लेखनशील व्यक्तित्व कायम राख्न सक्नु शङ्कर दाइको स्थितप्रज्ञता हो, कर्मण्यता हो । उमरखैयामीपन र स्थितप्रज्ञता परस्पर विरोधाभासी भाव हुन् तापनि उनमा यिनको समन्वयको आभास पाइन्थ्यो । धेरै थरी व्यक्ति र व्यवसायहरूसितको संलग्नता, निरन्तरको जिज्ञासुपन र चिन्तनशीलताले साहित्यमा मात्र होइन, ललित कलाका अरू पक्ष र विज्ञान एव्र प्रविधिमा पनि शङ्कर लामिछानेलाई ताजा राख्थे । त्यसैले, अर्को दृष्टिमा उनी उनकै कथाको एक पात्र फ्रैङ्क क्यापरा थिए । फ्रैङ्क क्यापरा प्रौढ मस्तिष्क र जवान शरीरको एउटा संयोग ।

त, नेपाली कथासाहित्यमा शङ्कर लामिछाने अरू कसैसित पनि मिल्दैनन् । आफ्नै कथाहरूमा पनि समरूप नपाइने प्रयोगशील कथाकारहरूमा मैले शङ्कर लामिछाने र विजय मल्ललाई पाएको छु । तर विजय कतै 'प्रवेशनिषिद्ध देश' जस्ता दुर्बोध्य प्रतीकात्मकता, कतै 'कालो चश्मा' जस्ता असामान्य मनोदशाको प्रदर्शनले आफ्नो कथाकारितालाई बहुरूपमा भौँतऱ्याउँछन् भने शङ्कर विज्ञान वा प्रविधिको अनुशीलनले कथाको प्रयोगात्मकता, स्वाभाविक सम्भाव्यता र

रोचक सरलता दिन कसिन्छन् । शङ्करको शैली छरितो पाइन्छ । डा. ईश्वर बरालले एउटा समस्यासूत्र बनाई त्यसलाई सिद्ध गर्न कथा लेख्ने भनी पुष्करशमशेरलाई भनेजस्तै शङ्कर लामिछाने पनि विज्ञान र प्रविधिको उन्नतिबाट उपस्थित नयाँनयाँ समस्याले मानवीय जीवन-जगत्‌मा पार्ने प्रभाव र परिवर्तनतिर उत्सुकता राख्छन् । उनका कतिपय कथा यस्तै उत्सुकताका उपज छन् । नेपाली लेखकमा थोरै मात्र पाइने अध्ययनशील र कला, विज्ञान दुवैतिरका समसामयिक अनुसन्धान प्रयोगहरूतिर सजग भई आज र भोलिका मानवचिन्तन र मानवचरित्रलाई साहित्याङ्कन गर्ने गुन शङ्कर दाइमा पाइन्छ । मुटुको प्रत्यारोपण, आपोलोको चन्द्रतलावरोहण, कृत्रिम गर्भाशयको प्रयोगजस्ता औषधविज्ञान एवं अन्तरिक्ष विज्ञान र प्रविधिहरूदेखि लिएर परामनोविज्ञान, योगशास्त्रका साधनहरूको प्रायोगिक परिप्रेक्ष्यमा मान्छेका अन्तर्बाह्य उपस्थितिहरूको चित्राङ्कन गर्न खोज्ने लामिछानेले नेपाली साहित्यलाई थोरै परिमाणमा भए पनि आजको ताजा साहित्यसित सापेक्ष राख्ने प्रयास गरेका छन् । त्यसैले उनका कथाबारे लेख्नु सजिलो छैन ।

साझा कथाको सङ्कलन-सम्पादन गर्दा मैले उनको 'अर्धमुदित नयन र डुब्न लागेको घाम' शीर्षक **रूपरेखा**मा छापिएको एउटा कथा लिएको थिएँ– '......लामिछानेको कथामा बान्कीमा मात्र होइन, विचारमा पनि नयाँनयाँ कोण उघारिएको हुन्छ । त्यसैले उहाँको जीवनदर्शन वा कथादर्शन एउटै ठम्याइमा उभिँदैन; एक शब्दमा प्रयोगशीलता नै शङ्कर लामिछानेको विशेषता हो ।' यो टिप्पणीमा उनले असहमति जनाएनन्; बरु सहमतिको प्रतिक्रिया नै उनको 'होला' क्रियाले ध्वनित गर्दछ । तर यस कथाबारे अर्को कथा हाल्दै उनले एउटा लेख **गोरखापत्र**लाई छाप्न दिएका थिए । भनिएको थियो– '......सर्वप्रथम **रूपरेखा**ले यसलाई कथाकै श्रेणीमा राख्यो र त्यसपछि मेरा प्रकाशकले पनि । तर पनि मैले आजसम्म यसलाई कथाको रूपमा स्वीकार गर्न सकेको छैन । कारण, यसको जन्मको लागि जेजति घटना भए ती यथार्थ छन्, तिनको व्यक्तित्वअगाडि मैले झुक्नै पर्‍यो ।' यसको पृष्ठभूमिसम्बन्धी लामो विवरण 'अर्धमुदित नयनको कथा' शीर्षक उनको लेख ('गौँथलीको गुँड' मा पनि सङ्कलित) छ । उनैले स्वीकार गरेअनुसार 'पूर्वले पश्चिमलाई दिएको देनबारे जुन चर्चा अर्धमुदित नयनमा आउँछ, त्यो कार्ल शापिरो हो । '......सम्यक् दृष्टिबारेको वर्णन अर्को

पुस्तकको असर हो ।' (सायद वज्रयान सम्प्रदायसम्बन्धी पुस्तकको होला) चिन्तनप्रधान यो कथाको घटना यथार्थ भएकोले यो कथा भएन भन्ने शङ्करको तर्कसँग भने म सहमत छैन । कारण, 'क्रान्तिको पहिलो चरण' मा पनि घटना यथार्थ छन् । 'अर्धमुदित नयन र डुब्न लागेको घाम' मा चित्रित प्यारालाइज्ड केटो वर्तमान जीवनको धेरै पक्षको एउटा प्रतीक बन्न सक्तछ । कथासम्बन्धी प्रचलित र सूत्रहरूको परिचालन यसमा भएको छैन तापनि नेपाली कथासाहित्यको प्रायोगिक सन्दर्भमा यसलाई कथा होइन भन्न सकिँदैन ।

झन्डै २००४ सालदेखि नै शङ्कर गार्गेय वा शङ्कर लामिछाने आदि विविध नामले नेपाली साहित्याकाशमा चम्कँदै आएका शङ्करज्यूका कथाहरू निबन्ध र लेखहरूको अपेक्षा अत्यन्त कम छन् । २०२५ मा मात्र उनको कथासङ्ग्रह **गौँथलीको गुँड** प्रकाशित भएको छ; जसमा बाह्रओटा कथा सङ्कलित छन् ।

'माया नं. ६५३', 'ऊ कस्तो हो' र 'आत्माको मीमांसा' वैज्ञानिक-मनोवैज्ञानिक अनुसन्धान र प्रयोगको परिप्रेक्ष्यमा लेखिएका कथा हुन् । 'माया नं. ६५३' पछि अन्तर्राष्ट्रिय परिवेशमा लेखिएको नेपाली कथा मदनमणि दीक्षितको 'ग्याँस च्याम्बरको मृत्यु' हो । तर यी दुईमा आकाश-जमिनको फरक छ; त्यो फरक एउटा कालको हो र एउटा क्षेत्रको । दीक्षितले विश्व-राजनीतिको परिप्रेक्ष्यमा विगतको सिंहावलोकन गरेका छन् भने लामिछानेले विज्ञान प्रबन्धको विकासको परप्रेक्ष्यमा आगतको सम्भावनावलोकन गरेका छन् । एकै समय दुर्घटनाग्रस्त भई मस्तिष्क र देहध्वंस भएका विलियम फ्रैङ्क र हेनरी क्यापराको दुई व्यक्तित्वलाई एकैमा गाँसेर 'ऊ कस्तो हो' भन्ने कथामा शङ्करजीले जुन रोचक समस्या उपस्थित गरेका छन्, शल्यचिकित्सामा बढ्दै गएको उन्नतिले त्यसलाई असम्भाव्य कल्पना मान्न दिँदैन । शिरच्छेदित गणेशमा हात्तीको र दक्षप्रजापतिमा बोकाको टाउको प्रत्योरापण गर्ने पौराणिक कथा र मुटु प्रत्यारोपण गर्ने वर्तमान घटना सम्झँदा दिनघरि फ्रैङ्क क्यापराको निर्माण हुन्न भन्न सकिँदैन । तर विज्ञान र प्रविधिका यी चरम सफलताहरूले मानवीयताप्रतिको प्यास झन् कति तीव्र पार्लान् भन्ने पनि शङ्करले आफ्ना कथाहरूमा ध्वनित गरेका छन् । 'माया नं. ६५३' यान्त्रिक मानवको परिकल्पना गर्दै प्राकृतिकताबाट

यान्त्रिकतामा पर्रिवर्तित हुन सफल मानवको मानवीय-प्राकृतिकता परित्याग पश्चात्तापको चित्रण गरिएको छ। यान्त्रिकताको चरमोन्नतिले अत्यन्त सुविधासम्पन्न हुन पुगेको समाजमा मानवीयताप्रतिको प्यासले छटपटिएको मानवात्मा 'माया नं. ६५३' को नामले परिकल्पित छ।

तर यी दुईभन्दा अझ बढी सशक्त, रोचक र गहन कथाको प्रयोग शङ्करले आध्यात्मिकता र मनोविज्ञानको समन्वयात्मक परिप्रेक्ष्यमा गरेका छन्– आत्माको मीमांसा। ट्रान्सेन्डेन्ट मेडिटेसन वा समाधि, राजयोग वा एकाग्र ध्यान जुनसुकै शब्द लिए पनि मान्छेका व्यापक र अनिर्वचनीय आत्मसत्ताको असीमित शक्तिको खोजीमा ज्ञान र विज्ञान दुवै संलग्न छन्। असामान्य र परामनोविज्ञानका एकपछि अर्को आविष्कारहरू आज चमत्कारका विषय भएका छन् भने पूर्वजन्मका सम्झना, देहपरिवर्तन र कायान्तर आवागमनका कथाहरू हामी पूर्वीयहरूका निम्ति नौला छैनन्। यस परिप्रेक्ष्यमा हेर्दा शङ्करको 'आत्माको मीमांसा' कथालाई फ्यान्टास्टिक मान्न कुनै हालतमा सकिन्न। शङ्करले यो कथा लेखेर आफ्नो मनोवैज्ञानिक अध्ययनको मात्र परिचय नदिई आत्मतत्त्वप्रतिको आफ्नो दृढ संस्कार वा आस्थाको पनि अभिव्यञ्जना गरेका छन्। मानूँ उनको अन्त्य पनि डाक्टर सिन्डर्सको जस्तै आत्मतत्त्वको रहस्य-सागरमा पौडी खेल्न त भएको होइन ? किनभने बाँचुन्जेल उनले जीवनकै प्याज छोडाइरहेको हामीले पढेका थियौं।

जीवनको क्षणभङ्गुरता, मानवीय प्रयास-प्रयत्नका निस्सारता र हार्दिकताप्राप्तिको मृगतृष्णामा तुलबुलाएका हार्दिकता शङ्कर लामिछानेका कतिपय कथाहरूमा अन्तर्ध्वनित पाइन्छन्। लाग्छ, जीवनलाई अझ भनूँ उनले आफैँलाई जसरी विविध रूप र कोणमा प्रयोग गरे, त्यसैअनुरूप उनका कथाहरूमा पनि प्रयोगशीलता प्रशस्त पाइन्छ। मैले यसमा 'माया नं. ६५३,' 'आत्माको मीमांसा' र 'ऊ कस्तो हो'– यी तीन कथाको मात्र चर्चा गर्नुको मतलब शङ्कर लामिछानेको कथाकारिता अन्तर्राष्ट्रिय परिवेशमा, ज्ञानविज्ञान र मनोविज्ञानका चरमोत्कृष्ट प्रयोगको फराकिलो र सम्भावित कथाभूमिको एक झलक देखाउन खोज्नु हो। यसो त उनका अरू कथामा पनि 'म भोलि जन्मनेछु', 'मृत्युको गीत वाल्जको धूनमा', 'प्रतीक्षा' इत्यादि कम रोचक छैनन् तापनि उक्त तीन कथा नेपाली कथाकारिता हिजो, आज र भोलिका

मानवीय चिन्तन-आविष्कार र सम्भावनादेखि अचेत छैनन् भन्ने कुराको नमुना भएका छन् भन्ने मलाई लाग्छ ।

फ्रैङ्क क्यापरा उनका आफ्नै प्रतिकृति हो जलाई कायाले सधैं जवानी र मस्तिष्कले परिपक्वता दिएको छ । फ्रैङ्क क्यापरा भएकोले नै शङ्कर जीवनले भोगवादी देखिए पनि चिन्तनले आत्मवादी र अझ मानवतावादी पाइन्छन् । *त्यसैले उनलाई पढ्न जति रोचक छ बुझ्नु त्यति सजिलो छैन ।*

('विदेह' शङ्करस्मृति अङ्क २०३३ बाट)

भैरव अर्याल

(मरिनसकेकोले बाँकी)

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

साछी .... अधिकारी

भैरव अर्याल

(मरिनसकेकोले बाँकी)

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

साछी .... अधिकारी

नेपाली समाजमा देखा पर्ने अन्तर्विरोध र विसङ्गतिलाई भैरव अर्यालले आफ्ना हास्यव्यङ्ग्यात्मक निबन्धका माध्यमबाट पर्याप्त सशक्तताका साथ प्रस्तुत गरेका छन् ।

- *डा. वासुदेव त्रिपाठी*

लासवादी साहित्यको थुप्रोले निसासिएको नेपाली वातावरण अर्यालजस्ता भित्तो पुऱ्याएर सत्यको पक्षमा कुर्लन सक्ने थोरै मात्र साहित्यकार नभइदिए कहाली लाग्ने हुने थियो । अर्याल आजसम्मका हास्य-लेखकहरूभन्दा बढी प्रभावशाली र बढी जनप्रिय हुनु पुग्नुभएको छ ।

- *डा. तारानाथ शर्मा*

भैरव अर्यालको हास्यव्यङ्ग्य नपढ्ने को ? पढेर नहाँस्ने को ? उहाँले काउकुती नलगाईकन पनि हामीलाई हँसाउनुभएको छ । छड्के शैली र कर्के भावले घाँटीमा खसखसाउँछ भने यसरी काउकुती नै लाउन थालेपछि के होला ? नरम छालाका पाठकहरू सावधान ! उहाँको कलम अवतारी छ, घरी एउटा अवतारले कुत्कुत्याउँछ त घरी अर्कोले घोचीघोची दुखाएर पनि हसाउँछ ।

- *वासुदेव शर्मा लुइँटेल*

भैरव अर्याल निबन्धकार खूब सफल हुनुहुन्छ । भाषा ठट्टालु पनि राख्नुहुन्छ, फेरि सुधो भाषा दिएर भित्रभित्र छुन पुग्नुहुन्छ । अर्यालको व्यङ्ग्य कसैलाई ताकेर होइन केहीमाथि ताकेर हुन्छ ।

- *इन्द्रबहादुर राई*

हास्यव्यङ्ग्यको क्षेत्रमा भैरवलाई उछिन्ने बहादुर अहिलेसम्म देखिएको छैन । यसो भनेर मैले आफूलगायत 'प्रसिद्ध हास्यव्यङ्ग्यकार' हरूलाई मन्दैनगनेको चाहिँ होइन । गनोटमा पर्नेहरू पनि छन् ! तर हास्यव्यङ्ग्यको एउटा शिष्ट दिशाको निर्देशन गरेर जसरी भैरवव अर्यालले देखाएर गए त्यस दिशाको अनुसरण राम्ररी हुन सकेन र यस विधाले अपेक्षित प्रगति गर्न सकेन ।

- *श्याम गोतामे*

भैरव अर्याल नेपाली समाज र अझ मानवसमाजमै प्रचलित व्यभिचार, भ्रष्टाचार, बाह्य आडम्बर, मपाईं, कुरीति थिति र दुराचार दुर्व्यवहाररूपी रोगलाई पारङ्गत वैद्यले झैं चिरफार गरी तिनभित्र भएको विकृतिलाई समेत स्पष्ट इङ्गित गर्दै यसको निदान र औषधिसमेत खोज्न चाहने सशक्त व्यङ्ग्यकार हुनुहुन्छ ।

- *रामलाल अधिकारी*

जन्म स्थान

वि. सं. १९९३ असोज ५, कोपुण्डोल ललितपुर

(निधनः वि. सं. २०३३ असोज १९, गोकर्ण, काठमाडौं)

आमा/बाबु

खेमकुमारी अर्याल/होमनाथ अर्याल

शिक्षा/विषय

एम्. ए. (नेपाली, त्रि. वि.), साहित्यरत्न, संस्कृतमा मध्यमा

सेवा

पत्रकारिता, अध्यापन, साहित्य

पहिलो रचना

नयाँ जीवन, (कविता, **प्रतिभा** पत्रिका, २००९)

कृति/सृजना

के के भयो ? (गीतिकाव्य, २०१६), **उपवन** (कविता सङ्ग्रह, २०१८), **राष्ट्रिय आह्वान** (लघुकाव्य, २०१८), **काउकुती** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०१९) **गलबन्दी** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२६), **जयभुँडी** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२२) **इतिश्री** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२८), **विरही राम** (काव्य, २०20), **दशअवतार** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०३३), **नेपाली काव्यमा प्रकृति** (समालोचना, २०३०), **प्रवेशिका निबन्ध** (निबन्धसङ्ग्रह, २०२७), **टेढो ऐना** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६३)

सम्पादन/अनुवाद

साझा कथा (कथा सङ्ग्रह, २०२५), **साझा निबन्ध** (निबन्ध सङ्ग्रह, २०२६), **छ्याकन** (कविता सङ्ग्रह २०२५), रचना, रत्नश्री, गोरखापत्र, हालखबर, मधुपर्क

पुरस्कार/पदक

ने.रा.प्र.प्र. कवितामहोत्सव- प्रथम (२०२२), रत्नश्री पदक

ISBN 99933-848-10-1

मुद्रक : सामुदायिक प्रिन्टर्स प्रा.लि., [illegible] महल, कुरिया गाउँ, काठमाण्डौं